सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ फागुन २०८२, बिहीबार (12 March 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सुदूरपश्चिममा गाउँभन्दा सहरमा मत बदर धेरै



विकट हिमाली जिल्ला बाजुरामा प्रत्यक्षतर्फ २.९८ प्रतिशत मत बदर हुँदा कैलालीको धनगढीमा ५.४८ प्रतिशत बदर

(विस्तृत पृष्ठ ३)

नेपालका लागि नयाँ रणनीतिक मार्गको खोजी



अग्रलेख

● बिनोज बस्न्यात

दुई ठुला अर्थतन्त्रबिच रहेको नेपालले क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्त्वपूर्ण लाभ उठाउन सक्छ

(पृष्ठ ४)

इरान युद्ध प्रभाव

तेल संकटका कारण पाकिस्तानमा विद्यालय बन्द, अधिकांश काम अनलाइनबाट



मंगलबार पेट्रोलको मूल्य एकैपटक ५५ पाकिस्तानी रुपैयाँले बढ्यो

(विस्तृत पृष्ठ ५)

महँगी ११ महिनायताकै उच्च

मध्यपूर्वको तनावसँगै आपूर्ति शृंखला खलबलिएर थप दबाब बढ्ने जोखिम, रेमिट्यान्स र पर्यटन क्षेत्र प्रभावित हुने अर्थशास्त्रीहरूको भनाइ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बदलियो संसद्को अंकगणित

प्रतिनिधिसभामा रास्वपा दुईतिहाइनजिकै, राष्ट्रिय सभामा पुरानै दलको वर्चस्व

■ प्रत्यक्षतर्फ ५.४२ प्रतिशत र समानुपातिकतर्फ ३.९३ प्रतिशत मत बदर

■ २८९० उम्मेदवार र ५७ दलको धरौटी जफत, ३५० उम्मेदवारको शून्य मत

कमलराज भट्ट/नयाँ पत्रिका

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण मतपरिणाम सार्वजनिक भएसँगै संघीय संसद्को अंकगणितमा व्यापक फेरबदल भएको छ। प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुईतिहाइ बहुमत प्राप्त गरेको छ। ०६४ यता सत्ताराजनीतिको केन्द्रमा रहेका कांग्रेस, एमाले र नेकपा पाँच वर्ष सरकारबाहिरै बस्नुपर्ने झिनो अंकमा सीमित भएका छन्। तर, विधायकी काम गर्ने माथिल्लो सदन राष्ट्रिय सभामा भने पुरानै दलको वर्चस्व छ।


बुधबार सार्वजनिक मतपरिणामअनुसार प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिट प्राप्त गरेको छ। प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट प्राप्त गरेको हो। यस्तै, कांग्रेसले प्रत्यक्ष १८ र समानुपातिक २० गरी ३८, एमालेले प्रत्यक्ष नौ र समानुपातिक १६ गरी २५, नेकपाले प्रत्यक्ष आठ र समानुपातिक नौ गरी १७, श्रम संस्कृतिले प्रत्यक्ष तीन र समानुपातिक चार गरी सात, राप्रपाले प्रत्यक्ष एक र समानुपातिक चार गरी पाँच सिट प्राप्त गरेको छ। एकजना स्वतन्त्र निर्वाचित भएका छन्।

११ माघमा भएको राष्ट्रिय सभा सदस्य निर्वाचनको परिणामअनुसार २५ सिटसहित कांग्रेस पहिलो दल छ। राष्ट्रिय सभामा नेकपाका १८, एमालेका ११, जसपाका तीन, राष्ट्रिय जनमोर्चाका एक सदस्य छन्। राष्ट्रपतिबाट एक मनोनीत हुन बाँकी छ। दुवै सभामा प्रतिनिधित्व गर्ने कांग्रेस, एमाले र नेकपाको संघीय संसद्मा क्रमशः ६३, ३६, ३५ सिट पुगेको छ। राष्ट्रिय सभामा रास्वपाको प्रतिनिधित्व छैन।

समानुपातिकतर्फ मतगणना सकिए पनि आयोगले औपचारिक रूपमा मतपरिणाम सार्वजनिक गरेको छैन। आयोगका कानुन महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराईले केही जिल्लाको मतपरिणाम संकलन हुन बाँकी रहेकाले अन्तिम परिणाम आइनसकेको बताए। 'केही जिल्लाको परिणाम आइसकेको छैन। आएपछि बिहीबार समानुपातिक


» पृष्ठ २ मा क्रमशः

संघीय संसद्मा अब दलहरूको यस्तो उपस्थिति




०७९ र ०८२ को निर्वाचनमा दलहरूले पाएको समानुपातिक मत

यसपटक कांग्रेस, एमाले, नेकपा, राप्रपा र श्रम संस्कृति पार्टीले समानुपातिकमा पाएको सबै मत जोड्दा पनि रास्वपाको भन्दा झन्डै साढे चार लाख कम छ



दलहरूले प्रदेशगत पाएको समानुपातिक मतको चित्र





नेपाल कै नं. १ सोफा फ्याक्ट्री
सोफा हब काठमाडौं प्रा.लि.
प्रधान कार्यालय सम्पर्क गोठाटार 9851152589
50,000/- सम्म छुट
20,000/- सम्म छुट
सामाखुसी र कलंकी शाखा
बसुन्धरा चौकीको अगाडि सरेको छ ।
20,000/- सम्म छुट
15,000/- सम्म छुट
10,000/- सम्म छुट
5,000/- सम्म छुट
हाम्रा शाखाहरु
बसुन्धरा 9820114870 पोखरा 9820114872 बिर्तामोड 9705114873 चितवन 9845728156 नेपालगंज 9705114870 धनगढी 9705114879 बुटवल 9705114876 हेटौंडा 9705114874
100% PREMIUM QUALITY GUARANTEED
20 YEAR WARRANTY
FREE DELIVERY
सस्तो पनि राम्रो पनि, टिक्छ मज्जाले टिक्छ

सन्दर्भ : विश्व मिर्गौला दिवस

मिर्गौला र कलेजो बिग्रनेको संख्या बढ्दो

प्रत्यारोपणका लागि अस्पतालमा पालो कुर्नेको भिड, प्रत्यारोपणको सबैभन्दा बढी भार सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलाई

प्रत्यारोपणका लागि कुन अस्पतालमा कतिले कुर्दै छन् पालो ?

- सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर : मिर्गौला ३०० र कलेजो १६०
- त्रिवि शिक्षण अस्पताल, काठमाडौं : मिर्गौला १४ र कलेजो १
- वीर अस्पताल, काठमाडौं : मिर्गौला १०
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान : मिर्गौला ९
- प्रादेशिक अस्पताल, सुर्खेत : मिर्गौला ६
- भेरी प्रादेशिक अस्पताल, नेपालगन्ज : मिर्गौला ५
- काठमाडौं मेडिकल कलेज (केएमसी) : मिर्गौला ११ र कलेजो ३
- मेडिसिटी अस्पताल, ललितपुर : मिर्गौला ८
- किस्ट मेडिकल कलेज, ललितपुर : मिर्गौला ७ र कलेजो ३

(काठमाडौंका नर्भिक र ग्रान्डी तथा ललितपुरका बी एन्ड बी र सुमेरू अस्पतालमा पनि मिर्गौला प्रत्यारोपण हुन्छ, तर यी अस्पतालले पालो कुरिरहेका बिरामीको तथ्यांक दिन मानेनन्)



शिवहरि घिमिरे/नयाँ पत्रिका

भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मिर्गौला प्रत्यारोपण गर्न तीन सय र कलेजो प्रत्यारोपणका लागि १६० बिरामी पर्खाइमा छन्। नियमित डायलाइसिस र औषधि सेवनले शरीर गलेका उनीहरू प्रत्यारोपण गर्न आतुर छन्। तर, सीमित स्रोत-साधनका कारण सबै बिरामीको अंग प्रत्यारोपण प्रक्रिया तत्काल थाल्न सम्भव नभएको अस्पताल बताउँछ। सबैभन्दा बढी मिर्गौला र कलेजो प्रत्यारोपण गर्दै आइरहेको केन्द्रले नै प्रत्यारोपणको भार खेपिरहेको छ।

केन्द्रकी कार्यकारी निर्देशक डा. कल्पना श्रेष्ठले नेपालमा हुने अंग प्रत्यारोपणमध्ये दुईतिहाइ प्रत्यारोपण केन्द्रले नै गर्ने गरेको बताइन्। उनका अनुसार केन्द्रले वार्षिक दुई सयको अंग प्रत्यारोपण गर्छ। तर, केन्द्रको आफ्नै भवन छैन, आफ्नै भवन भयो भने पाँच सय प्रत्यारोपण गर्न

» पृष्ठ २ मा क्रमशः

■ यी अस्पतालमा हुन्छ मिर्गौला र कलेजो प्रत्यारोपण

हाल नेपालमा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, महाराजगन्ज त्रिवि शिक्षण, वीर, किस्ट मेडिकल कलेज, बी एन्ड बी, मेडिसिटी, नर्भिक, केएमसी, ग्रान्डी, सुमेरू, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल सुर्खेत, भेरी प्रादेशिक अस्पताललगायतमा मिर्गौला प्रत्यारोपण हुन्छ। सहिद धर्मभक्त, त्रिवि शिक्षण, मेडिसिटी, केएमसी र किस्ट मेडिकल कलेज कलेजो पनि प्रत्यारोपण हुन्छ।

रविको अभियोगपत्र संशोधनविरुद्धको रिटको पेसी १ चैतमा

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको अभियोगपत्र संशोधनविरुद्ध सर्वोच्चमा परेको रिटको अब संयुक्त इजलासबाट पूर्ण सुनुवाइ हुने भएको छ। सर्वोच्चले उस्तै माग भएका तीन रिट लगाउमा राखेर सुनुवाइ गरिरहेकोमा १ चैतलाई पेसीको मिति नै तोकेर पूर्ण सुनुवाइका लागि आदेश भएको हो।

'यसमा विपक्षीहरूको लिखित जवाफसमेत परिसकेको वा लिखित जवाफ पर्ने म्याद नाघिसकेको र प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु हेर्दा तत्काल किनारा लाग्नुपर्ने प्रकृतिको देखिँदा हेर्न नहुनेबाहेक गरी पेसी स्थगित नहुने गरी प्रस्तुत मुद्दामा मिति २०८२/१२/१ गते नै पूर्ण सुनुवाइका लागि पेसी तोकी नियमानुसार पेस गर्नू,' आदेशमा भनिएको छ। बुधबार न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको इजलासबाट यस्तो आदेश भएको हो।

युवराज पौडेल, अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीसमेतले रिट दायर गरेका थिए। ४ माघमा दर्ता भएका यी रिटमाथि ६ माघमा न्यायाधीश अब्दुल अजिज मुसलमानले ८ माघका लागि भनी छलफलको मिति तोकेका थिए। साथै, लामिछानेले अभियोगपत्र संशोधनका निम्ति दिएको निवेदन र पेस गरेका प्रमाण, महान्यायाधिवक्ताबाट भएको निर्णयको सक्कल प्रति, जिल्ला सरकारी वकिलको कार्यालयहरूबाट लामिछानेसमेत उपरका अभियोगपत्र संशोधन हुनुपर्ने कारण देखिने थप प्रमाण झिकाउने आदेश पनि भएको थियो।

तर, ८ माघमा हेर्न नमिल्ने भएपछि ११ माघमा मनोजकुमार शर्मा र पौडेलको इजलासले उस्तै प्रकृतिको आदेश दिएको थियो। सो दिन पनि फेला परेका थप प्रमाण तथा सक्कल कागजात महान्यायाधिवक्ताको कार्यालयबाट झिकाउन अन्तरिम आदेश छलफलका लागि पेस गर्न भनिएको थियो। तर, लिखित जवाफ आइसकेको, लिखित जवाफको म्यादसमेत नाघिसकेको र तत्काल किनारा लाग्नुपर्ने विषय भएको भन्दै स्थगित नहुने गरी पूर्ण सुनुवाइका निम्ति पेस गर्न भनिएको हो।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले पुस अन्तिममा सभापति लामिछानेउपर विभिन्न अदालतहरूमा दायर अभियोगपत्रबाट दुई मुद्दा झिक्ने गरी अभियोगपत्र संशोधनको निर्णय गरेकी थिइन्। ठगी र सहकारी ठगीको मात्र अभियोग कायम रहने गरी तथा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग झिक्ने गरी भएको उक्त निर्णय बदरको माग गर्दै सर्वोच्चमा तीन रिट दर्ता भएका हुन्। अभियोगपत्र नै संशोधनको निर्णय भएपछि अन्य प्रतिवादीउपरका यी दुई अभियोग पनि स्वतः नै कायम नरहने भएका छन्। यद्यपि, सम्बन्धित अदालतहरूले भने सर्वोच्च अदालतबाट टुंगिएपछि मात्रै त्यसैअनुसार गर्ने भनी संशोधनको आदेश दिएका छैनन्। महान्यायाधिवक्ताको कार्यालयले अभियोगपत्र संशोधन गर्नुपर्ने गरी पाँच प्रमाण थप भएकाले निर्णय गरिएको जनाएको छ। आदेशअनुरूप नै रवि लामिछानेको निवेदनदेखिका सबै कागजात महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्चमा पेस गरिसकेको छ।

महान्यायाधिवक्ताको कार्यालयले बुझायो पाँच प्रमाण

- **लामिछानेले अभियोग संशोधन गरिपाऊँ भनी महान्यायाधिवक्ताको कार्यालयमा पेस गरेको निवेदन**
- **सहकारीपीडितहरूको माग सम्बोधन गर्नेबारे पीडितहरूका तर्फबाट महान्यायाधिवक्ताको कार्यालयमा पेस भएको निवेदन**
- **उच्च अदालत तुलसीपुरको बुटवल इजलासले धरौटी लिई थुनामुक्त गरेको आदेश**
- **जाहेरवाला नारायणबहादुर पहराईले ३ पुसमा बुटवल इजलासमा पेस गरेको स्वघोषणापत्र तथा अदालतसमक्ष उनले पेस गरेको कागजातको नक्कल**
- **रकम तिर्न तयार रहेको व्यहोरा उल्लेख गरी महेन्द्र भोटे भन्ने शिवबहादुर गुरुङले चितवन जिल्ला अदालतमा गरेको प्रमाणित बयान**

उड्डयनविज्ञ नै फेक रेस्क्युका 'मास्टर माइन्ड'

उड्डयनविज्ञ जो अभियुक्तको प्रमाण नष्ट मात्रै गर्दैनथे, फेक रेस्क्यु गर्ने नयाँ उपायसमेत सिकाउँथे

टेकराज थामी/नयाँ पत्रिका

नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम ठगी गर्ने घटनामा संलग्नविरुद्धको प्रमाण नै नष्ट हुने अवस्था सिर्जना भएपछि प्रहरीले हवाईविज्ञ राजेन्द्रबहादुर सिंहलाई पक्राउ गरेको खुलेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ५६ वर्षीय सिंहलाई गत १३ फागुनमै पक्राउ गरेको थियो। उनले घटनामा पक्राउ परेकाहरूविरुद्ध रेस्क्युमा संलग्न हेलिकोप्टर कम्पनी, विमानस्थलस्थित हवाई अड्डा मात्र नभई, नागरिक उड्डयन प्राधिकरणमा रहेको तथ्यांकसमेत नष्ट गर्न भूमिका खेलेका थिए। उनकै निर्देशनपछि प्राधिकरणले सिआइबीलाई घटनामा संलग्नविरुद्धको तथ्यांक उपलब्ध गराउन इन्कार गरेको थियो।

सिआइबी प्रमुख एआइजी डा. मनोज केसीले घटनामा संलग्न अभियुक्तविरुद्धको प्रमाण नष्ट गर्ने तरिका सिकाएको खुलेपछि सिंहलाई पक्राउ गरिएको बताए। उनले भने, 'सिंह आफैं फेक रेस्क्युमा संलग्न भएको होइन, तर फेक रेस्क्युमा संलग्नविरुद्धको प्रमाण नष्ट गर्ने भूमिकामा संलग्न रहेको खुलेको छ। यस सम्बन्धमा उनले गरेका संवाद, भ्वाइस मेसेज, मेसेजलगायत तथ्य फेला परेका छन्। सोही मेसेजको प्रभावस्वरूप कतिपय ठाउँबाट अभियुक्तविरुद्धको प्रमाण संकलनमा केही असहजता भएको सत्य हो।'

नेपाल हवाई सेवा सञ्चालक संघको पूर्वउपाध्यक्षसमेत रहेका सिंहले विगतमा विभिन्न एयरलाइन्समा व्यवस्थापक भएर काम गरेका थिए। त्यति मात्र होइन हवाई उद्योगलाई व्यवस्थित गर्न केपी ओली नेतृत्वको सरकारले २ कात्तिक ०८१ मा वर्तमान संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिल सिन्हाको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय अध्ययन तथा सुझाव समितिमा सिंह हवाईविज्ञका रूपमा नियुक्त भएका थिए। यी कारणले प्राधिकरणमा उनको प्रभाव बलियो रहेको र सोही प्रभाव दुरुपयोग गरेर अभियुक्तविरुद्धको प्रमाण नष्ट गर्ने भूमिका खेलेको अनुसन्धानबाट खुलेको छ।

अनुसन्धानमा संलग्न सिआइबीका उच्च अधिकृतले भने, 'अनुसन्धानका क्रममा पक्राउ परेकाको आवश्यक प्रमाण दिन हामीले प्राधिकरणलाई भन्यौं। तर, उहाँहरूले उपलब्ध गराउन चाहनुभएन। पछि हामीले अरू नै उपाय प्रयोग गरेर प्रमाण संकलन गर्‍यौं, त्यसपछि पो खुल्यो प्रमाण दिन इन्कार गर्नुको कारण। यिनको उड्डयन क्षेत्रमा राम्रो प्रभाव रहेछ। सरकारबाट गठित समितिमा समेत यिनलाई विज्ञका रूपमा नियुक्त गरिने रहेछ। त्यसैलाई भजाएर प्राधिकरणको कर्मचारीलाई प्रभावमा पार्ने रहेछन्। सोही कारण प्राधिकरणले प्रमाण दिन इन्कार गरेको रहेछ। यसको इभिडेन्ससमेत फेला परेका छन्।'

तर, प्राधिकरणले भने सिआइबीले मागेअनुसारको प्रमाण लिखित रूपमै पेस भएको दाबी गरेको छ। प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले सिआइबीबाट माग भएका विवरण लिखित रूपमा उपलब्ध गराइएको बताए। 'फेक रेस्क्यु अनुसन्धानका क्रममा सिआइबीलाई आवश्यक सूचना नदिएको सत्य होइन। हामीले लिखित रूपमै उहाँहरूले मागेको विवरण उपलब्ध गराएका छौं,' उनले भने।

सिआइबीका अनुसार अन्य हेलिकोप्टर कम्पनीलाई फेक रेस्क्यु गर्ने तरिका सिकाउने धन्दामा समेत सिंह संलग्न छन्। विशेषगरी फेक रेस्क्युमा संलग्न माउन्टेन रेस्क्यु सर्भिस प्रालिका मालिक जयराम रिमाल र म्यानेजर विवेक पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका मालिक रवीन्द्र अधिकारी र म्यानेजर विवेकराज थपलिया, एभरेस्ट एक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका मालिकद्वय मुक्ति पाण्डे र सुभाष केसी पक्राउ परेपछि सिंह सक्रिय भएको अनुसन्धानबाट खुलेको छ। पुरानो तरिकाले प्रयोग गर्दा पक्राउ परिने भएपछि उनले अन्य हेलिकोप्टर कम्पनीलाई फेक रेस्क्युको नयाँ तरिका सिकाउने गरेको सिआइबीको दाबी छ।

सिआइबी प्रमुख एआइजी डा. केसीले भने, 'पक्राउ परेकाहरूविरुद्धको प्रमाण नष्ट गर्ने तरिका सिकाउने मात्रै होइन, नयाँ तरिका अपनाएर कसरी फेक रेस्क्यु गर्न सकिन्छ भनेर उनले अन्य हेलिकोप्टर कम्पनीलाई समेत सिकाउने गरेका रहेछन्। यसको पनि प्रमाण फेला परेका छन्, भेरिफाई गर्ने काम भइरहेको छ।'

सिआइबीले घटनामा संलग्न श्रृद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक ४४ वर्षीय डा. गीर्वाणराज तिमिल्सिनालाई पनि पक्राउ गरेको छ। सिआइबीका अनुसार पक्राउ परेकाहरूले सन् २०२२ यता मात्रै नक्कली कागजातका आधारमा झन्डै दुई अर्ब ८५ करोड ६२ लाख ५० हजार १६५ रुपैयाँ बिमा दाबी गरेको अनुसन्धानबाट खुलेको छ। जसमा माउन्टेन रेस्क्युले एक हजार २४८ विदेशी पर्यटकको रेस्क्यु गरेको तथ्यांक छ। जसमध्ये १७१ पर्यटकको रेस्क्यु नक्कली रहेको देखिन्छ। सोही आधारमा कम्पनीले एक करोड तीन लाख १० हजार २७६ हजार अमेरिकी डलर अर्थात् एक अर्ब ४९ करोड ४९ लाख ९० हजार २० रुपैयाँ बिमाबापतको रकम इन्स्योरेन्स कम्पनीमा दाबी गरेको थिए। सोही अवधिमा अर्को रेस्क्यु कम्पनी नेपाल चार्टरले ४७१ पर्यटकको रेस्क्यु गरेको थियो। जसमध्ये ७५ जनाको रेस्क्यु शंकास्पद देखिएको छ। जसबापत उसले बिमा कम्पनीमा ८२ लाख ३४ हजार ८२ अमेरिकी डलर अर्थात् एक अर्ब १९ करोड ३९ लाख ४१ हजार ८९० रुपैयाँ रकम दाबी गरेको थियो। त्यस्तै, एभरेस्ट एक्सपेरियन्सले त्यस अवधिमा ६०१ विदेशी पर्यटकको रेस्क्यु गरेका थिए। त्यसमध्ये ७१ जनाको रेस्क्यु शंकास्पद देखिएको छ। बिमाबापत उसले ११ लाख ५३ हजार ९१९ अमेरिकी डलर अर्थात् १६ करोड ७३ लाख १८ हजार २५५ रुपैयाँ रकम माग गरेको छ।

ट्रेकिङ एजेन्सी पनि संलग्न

नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम ठगी गर्ने धन्दामा ट्रेकिङ एजेन्सी पनि संलग्न रहेको खुलेको छ। घटनामा प्यानरोमा हिमालय ट्रेकिङ एन्ड एक्स्पिडिसनका सञ्चालक पासाङ शेर्पा पक्राउ परेपछि यो तथ्य खुलेको हो। उनलाई सिआइबीले बुधबार काठमाडौंबाट पक्राउ गरेको हो। उनीविरुद्ध दुई विदेशी नागरिकले सिआइबीमा जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा उनलाई सिआइबीले पक्राउ गरेको हो।

सिआइबीका अनुसार सन् २०२५ मा सगरमाथा बेसक्याम्प पुगेका दुई विदेशी पर्यटकलाई प्यानरोमाको गाइडले जबर्जस्ती हेलिकोप्टर चढाई काठमाडौं उतारेका थिए। त्यसपछि सिधै अस्पताल लगेर भर्ना गरिएको थियो। उपचार गरिएको भन्दै उनीहरूको नाममा बिल मात्रै होइन, डिस्चार्ज गरिएको कागजातसमेत बनाइएको थियो। जबकि उद्धार गरिएको भनिएका पर्यटकलाई केही भएकै थिएन। पछि सोही बिल बिमा कम्पनीमा पेस गरी उनीहरूले रकम बुझेका थिए। सिआइबीका प्रमुख एआइजी डा. मनोज केसीले घटनाको मुख्य योजनाकार पासाङ रहेको बताए।

'गत वर्ष दुई विदेशी नागरिकलाई यिनीहरूले सगरमाथा बेसक्याम्प लगेका रहेछन्। सोही क्रममा यिनीहरूले पर्यटकलाई जबर्जस्ती हेलिकोप्टर चढाएर काठमाडौं उतारेछन् र अस्पताल भर्ना गरेछन्। उनीहरूकै नाममा बिल मात्र होइन, डिस्चार्ज रिपोर्टसमेत बनाएछन्। सोही कागजात पेस गरेर भुक्तानी लिएछन्। पीडितले हामीकहाँ अनलाइनमार्फत उजुरी दिए। घटनाको अनुसन्धानपछि पासाङलाई पक्राउ गरिएको छ।'

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको शाखा कार्यालय विराटनगर, मोरङबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स	ऋणीको नाम, ठेगाना	
१.	**नाम : शुशिला कृषि फार्म** रंगेली नगरपालिका, १ नं. वडा कार्यालय, वबियाविर्ता, मोरङ दर्ता नं. १, दर्ता मिति : २०७८/०४/०४, पान नं. ६१५९७२३४१, दर्ता मिति : २०७८ ०३/०४ ठेगाना : मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. १, बबियाविता, **प्रोप्राइटर शुसिला बस्नेत**	
	ऋणी तथा व्यक्तिगत जमानतकर्ताको विवरण	**व्यक्तिगत जमानतकर्ताको विवरण**
	नाम : नृप ध्वज बस्नेत ना.प्र.नं. : ०५-०१-७१-२७९०८, जि. प्र. का. मोरङ जारी मिति : २०७१/०३/२६, बाबुको नाम : दुर्ग बहादुर बस्नेत बाजेको नाम : दान बहादुर बस्नेत ठेगाना : मोरङ जिल्ला, विराटनगर वडा नं.-११ हाल : मोरङ जिल्ला, विराटनगर म. न. पा. वडा नं.-०८	**नाम : शुसिला बस्नेत** ना.प्र.नं. : २३७५ जि. प्र. का. खोटाङ जारी मिति : २०४८/०६/१४, पतिको नाम : नृप ध्वज बस्नेत ससुराको नाम :दुर्ग बहादुर बस्नेत ठेगाना : खोटाङ-५, खोटाङ जिल्ला, मंगलटार वडा नं.- ०५ हाल : मोरङ जिल्ला, विराटनगर म. न. पा. वडा नं.-०८
	धितोको विवरण	
	१. शुसिला बस्नेतको नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. ६ स्थित कित्ता नं. २०१५ को क्षेत्रफल ०-०-१० (वि.क.धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. नृप ध्वज बस्नेतको नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. ६ स्थित कित्ता नं. २०१६ को क्षेत्रफल ०-०-१० (वि.क.धु) र मालपोत कार्यालय रंगेली, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, वबियाविर्त्ता वडा नं. १/१ ग स्थित कित्ता नं. १५६ र १६६ को क्षेत्रफल क्रमश: ०-१७-० र ०-१३-० (वि.क.धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
२.	**ऋणीको नाम, ठेगाना**	
	नाम : भगवती फुड पेकेजीङ उद्योग दर्ता न: १३३८-०८०-०८१ , दर्ता मिति : ०७/०६/२०८०, घरेलु तथा साना उधोग कार्यालय स्थायी लेखा नम्बर : ६२०४५५८२६, दर्ता मिति : ०७/०६/२०८०, सम्पर्क ठेगाना : विराटनगर-०४, मोरङ, साझेदारहरु :सुस्मिता विष्ट, रेखा अग्रवाल	
	व्यक्तिगत जमानतकर्ताको विवरण	
	१. नाम : सुस्मिता विष्ट ना.प्र.प.नं.०६/५४६६७ जारी मिति : २०६९/०३/१०, सुनसरी पतिको नाम : श्रीलाल सरदार ससुराको नाम : पन्नालाल सरदार थारु ठेगाना : बराहक्षेत्र -०६ सुनसरी हालको: विराटनगर -४, मोरङ	**२. नाम : श्रीलाल सरदार** ना.प्र.प.नं. ०६७०७७७/७१७७७, जारी मिति : २०५९/०३/१८ सुनसरी बाबुको नाम : पन्नालाल सरदार थारु बाजेको नाम : अदिक लाल थारु ठेगाना : पुर्वकुशाहा- ०५ सुनसरी हालको: विराटनगर-४, मोरङ
	३. नाम : रेखा अग्रवाल ना.प्र.प.नं. ७११५९ जारी मिति : २०५९/०९/११, मोरङ बाबुको नाम : प्रल्हाद राय अग्रवाल बाजेको नाम : रामेश्वर लाल अग्रवाल ठेगाना : विराटनगर-०१, मोरङ हालको : विराटनगर-१, मोरङ	**४. नाम : मनिष अग्रवाल** ना.प्र.प.नं. ४७३३८ जारी मिति : २०५६/११/११ मोरङ बाबुको नाम : प्रहलाद राय अग्रवाल बाजेको नाम : रामेश्वर लाल अग्रवाल ठेगाना : विराटनगर-०१, मोरङ हालको : विराटनगर-१, मोरङ
	धितोको विवरण	
	सुस्मिता विष्टको नाममा मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, कन्चनवारी वडा नं. ८ स्थित कित्ता नं. ४३५८ को कुल क्षेत्रफल ०-०-१३-० (वि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
३.	**ऋणीको नाम, ठेगाना**	
	नाम : राजवंशी खाजा घर फर्म रजिष्ट्रेशन.नं.: १०९,दर्ता मिति : २०७५/०१/२८, कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय पान नं.: ६०८०६५५९७, जारी मिति : २०७५/०४/१०, ठेगाना : जिल्ला मोरङ, कटहरी गा.पा, वडा न ०४ प्रोप्राईटर : दिनेश कुमार चौधरी	
	व्यक्तिगत जमानतकर्ताको विवरण	
	१. नाम : दिनेश कुमार चौधरी ना.प्र.प.नं. ४९२२५, जारी मिति २०५७/०१/३०, मोरङ बाबको नाम : ज्ञान प्रसाद चौधरी बाजेको नाम : हवद लाल ठेगाना : जिल्ला मोरङ, कटहरी वडा न ८ हाल : कटहरी न. पा वडा न ४, मोरङ	**२. नाम : सुमित्रा राजवंशी** ना.प्र.प.नं. २७७१४१६३, जारी मिति २०५६/०३/११, झापा पतिको नाम : दिनेश कुमार चौधरी ससुराको नाम : ज्ञान प्रसाद चौधरी ठेगाना : जिल्ला झापा, ज्यामिरगडि वडा न ३ हाल : कटहरी न. पा वडा न ४, मोरङ
	धितोको विवरण	
	दिनेश कुमार चौधरीको नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दता श्रेर्ष्ता कायम रहेको जिल्ला मोरङ कटहरी वडा नं. ८, नक्सा सीट नं १७८०७०७४ स्थित कित्ता न. १०९, को क्षेत्रफल ४९१.९१ व.मि, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: विराटनगर, मोरङ फोन नं. ०२१-५१७७७६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

बदलियो...

पृष्ठ १ बाट क्रमशः

सिट बाँडफाँट गरेर दलहरूलाई बन्दसूचीमा रहेको नाम छनोट गर्न चिठी पठाउँछौं,' भट्टराईले भने।

साढे ५ प्रतिशत बदर

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा निर्वाचनमा साढे ५ प्रतिशत मत बदर भएको छ। बुधबार सार्वजनिक मतपरिणामअनुसार प्रत्यक्षतर्फ ५.४२ प्रतिशत मत बदर भएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए। उनका अनुसार समानुपातिकतर्फ ३.९३ प्रतिशत मत बदर भएको छ।

■ २८९० उम्मेदवार र ५७ दलको धरौटी जफत

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणामअनुसार दुई हजार ८९० उम्मेदवारको जमानत जफत भएको छ। आयोगका अनुसार ३५० उम्मेदवारले शून्य मत पाएका छन्। ५१६ जनाले जमानत जोगाएका छन्। निर्वाचनमा तीन हजार ४०५ उम्मेदवारले भाग लिएका थिए। प्रत्यक्षतर्फ निर्वाचनमा खसेको कुल सदर मतको १० प्रतिशत मत प्राप्त नगर्ने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था छ। समानुपातिकतर्फ एक सिट प्राप्त नगर्ने दलको पनि धरौटी जफत हुन्छ। समानुपातिकमा भाग लिएका ६३ दलमध्ये ५७ दलको धरौटी जफत भएको छ।

■ ६ दलको समानुपातिक मत

०७९ मा सात दलले थ्रेसहोल्ड कटाएकोमा यसपटक प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ ६ दलले मात्र थ्रेस होल्ड कटाएका छन्। ०७९ मा थ्रेसहोल्ट कटाएका जसपा र जनमतले यसपटक भने कटाउन सकेनन्। चुनाव घोषणापछि खुलेको श्रम संस्कृति पार्टीले थ्रेस होल्ड कटाएको छ।

रास्वपाले ५१ लाख ८१ हजार ३३० मत प्राप्त गरेको छ। कांग्रेसले १७ लाख ५८ हजार ९०३, एमालेले १४ लाख ५५ हजार ६६९, नेकपाले ८ लाख ११ हजार ३९३, श्रम संस्कृतिले तीन लाख ८५ हजार ८५२, राप्रपाले तीन लाख ३० हजार ६४९ मत प्राप्त गरेको छ।

प्रदेशगत हेर्दा कोशीमा रास्वपाले ८ लाख ५३ हजार १८३, श्रम संस्कृति दुई लाख ९२ हजार ४९, कांग्रेस दुई लाख ९० हजार ५६२, एमाले दुई लाख ८८ हजार १८६, नेकपा ९७ हजार ६७९ र राप्रपाले ६२ हजार ८९९ मत पाएको छ। मधेशमा रास्वपाले १३ लाख ४६८ मत पाएको छ। कांग्रेस दुई लाख ८७ हजार ३२३, एमाले एक लाख ८७ हजार ९०१, नेकपा एक लाख सात हजार ६१२, राप्रपा ३५ हजार ६२४ र श्रम संस्कृतिले नौ हजार ८५४ मत प्राप्त गरेको छ।

यस्तै, बागमतीमा रास्वपा ११ लाख १९ हजार २७०, कांग्रेस तीन लाख २१ हजार १०६, एमाले दुई लाख ६१ हजार ८९७, नेकपा एक लाख ८८ हजार १८२, रापपा ७६ हजार ५२१, श्रम संस्कृति ३१ हजार ४९३ मत प्राप्त गरेको छ। गण्डकीमा रास्वपा पाँच लाख २५ हजार ६३५, कांग्रेस दुई लाख सात हजार ३८७, एमाले एक लाख ५२ हजार ५८७, नेकपा ५७ हजार ८७६, राप्रपा २३ हजार ५५६, श्रम संस्कृतिले १८ हजार ९९५ मत प्राप्त गरेको छ। लुम्बिनीमा रास्वपा नौ लाख ३३ हजार ३५२, कांग्रेस तीन लाख २८ हजार ७१९, एमाले दुई लाख ९६ हजार ५४२, नेकपा एक लाख ५५ हजार २४२, राप्रपा ८० हजार ४८, श्रम संस्कृति २३ हजार ५०३ मत प्राप्त गरेको छ।

कर्णालीमा कांग्रेस एक लाख ४१ हजार २३३, रास्वपा एक लाख ३३ हजार ७४९, एमाले एक लाख २० हजार ८६३, नेकपा एक लाख सात हजार १०१, राप्रपा १५ हजार ७५५, श्रम संस्कृति चार हजार ६५७ मत प्राप्त गरेको छ। सुदूरपश्चिममा रास्वपा तीन लाख १७ हजार ८३६, कांग्रेस एक लाख ८२ हजार ८४२, एमाले एक लाख ४७ हजार ९०९, नेकपा ९७ हजार ८८५, राप्रपा ३६ हजार २६३, श्रम संस्कृति ५ हजार ३०५ मत प्राप्त गरेको छ।

■ ०७९ मा दलहरूको समानुपातिक मत

एमालेले सबैभन्दा धैरै २७ लाख ९१ हजार ७३४ मत प्राप्त गरेको थियो। प्रत्यक्षतर्फ ४५ सिट प्राप्त गरेको थियो। समानुपातिकमा ३४ गरी ७८ सिट ल्याएको थियो।

कांग्रेसले २६ लाख ६६ हजार २६२ मत प्राप्त गरेको थियो। प्रत्यक्षतर्फ ५७ सिट प्राप्त गरेको थियो। समानुपातिकतर्फ ३२ सिट हासिल गरी कुल ८९ सिट ल्याएको थियो।

माओवादी (नेकपा)ले ११ लाख ६२ हजार ९३१ मत प्राप्त गरेको थियो। माओवादीले प्रत्यक्षमा १८ सिट ल्याएको थियो। समानुपातिकमा १४ सिटसहित माओवादी केन्द्रले ३२ सिट ल्याएको थियो। एकीकृत समाजवादीले प्रत्यक्षमा १० सिट ल्याएको थियो। एकीकृत समाजवादी दुई लाख ९४ हजार ४११ मत ल्याए पनि थ्रेसहोल्ड कटाएन। रास्वपाले ११ लाख २४ हजार ५५७ मत प्राप्त गरेको थियो। प्रत्यक्षमा सात सिट प्राप्त गरेको थियो। समानुपातिकमा १३ सिट हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले कुल २० सिट ल्याएको थियो। ०७९ मा प्रत्यक्ष र समानुपातिकमा समान ७/७ सिट जितेको राप्रपा १४ सिटसहित पाँचौं दल बनेको थियो। राप्रपाले पाँच लाख ८६ हजार ६५९ मत प्राप्त गरेको थियो। प्रत्यक्षमा सात र समानुपातिकमा पाँच सिट हासिल गरेको जसपा १२ सिटसहित छैटौं दल बनेको थियो। जसपाले चार लाख २० हजार ९४६ मत प्राप्त गरेको थियो।

तीन लाख ९४ हजार ५२३ मत पाएको जनमत पार्टीले प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ पाँच सिट जितेको थियो।

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं	ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानतकर्ताको विवरण
१.	**नाम : अरुणा बस्नेत** ना.प्र.नं. १२९९, जि.प्र.का. दाङ जारी मिति : २०५८/१०/२६ पतिको नाम : भोज राज सिजवाल ससुराको नाम : दुर्गा प्रसाद सिजवाल ठेगाना : मानपुर-७,दाङ	**नाम : भोज राज सिजवाल** ना.प्र.नं. ११०२/१७९३, जि.प्र.का. दाङ जारी मिति : २०५८/१०/४ बाबुको नाम : दुर्गा प्रसाद सिजवाल बाजेको नाम : सेर बहादुर सिजवाल ठेगाना : ढिकपुर-१,दाङ
	धितोको विवरण	
	अरुणा बस्नेतको नाममा मालपोत कार्यालय घोराही,दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, घोराही न.पा.वडा नं. १(ख) स्थित कित्ता नं.३१७५,३१८१,३१७८ र ३१७९ को क्षेत्रफल क्रमश:२.७९,३१.७४,७३.५० र २.३० ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

मिर्गौला र...

पृष्ठ १ बाट क्रमशः

सकिने डा. श्रेष्ठको भनाइ छ। 'पर्खाइमा बस्ने बिरामी पनि उत्तिकै हुनुहुन्छ, दैनिक एकजनाको मिर्गौला प्रत्यारोपण हुने गरेको छ। जहाँ बिरामीको जटिल प्रत्यारोपण भइरहेको छ, त्यहाँ सरकारले चासो दिएको छैन,' उनले भनिन्, 'यस्तो प्रकारको अस्पतालको पूर्वाधार राम्रो भए बिरामीलाई सहज हुन्थ्यो।' शरीरको अंगले काम गर्न नसक्ने भएपछि अंग प्रत्यारोपणका लागि अस्पतालमा पालो कुर्नेको लामो सूची छ। सीमित अस्पतालहरूमा मात्रै प्रत्यारोपण सेवा हुँदा र प्रक्रिया झन्झटिलो हुँदा बिरामीहरू लामो समयसम्म पालो कुर्न विवश छन्।

हाल त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा १४ बिरामी मिर्गौला प्रत्यारोपणको पर्खाइमा छन्। कलेजो प्रत्यारोपणका लागि कुर्ने बिरामी एकजना मात्रै रहेको अस्पतालले जनाएको छ। मिर्गौला मात्रै प्रत्यारोपण हुने वीर अस्पतालमा १० जना लाइनमा छन्। स्वास्थ्य मन्त्रालयका अनुसार हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नौ, प्रादेशिक अस्पताल सुर्खेतमा ६, भेरी प्रादेशिक अस्पतालमा पाँच बिरामीले मिर्गौला प्रत्यारोपणको पालो कुरिरहेका छन्। अंग प्रत्यारोपणका लागि निजी अस्पतालमा पनि बिरामी पर्खाइमा छन्। ललितपुरस्थित मेडिसिटी अस्पतालमा आठजना मिर्गौला प्रत्यारोपणको पर्खाइमा छन्। किस्ट मेडिकल कलेजमा सात बिरामी मिर्गौला र तीनजना कलेजो प्रत्यारोपणको पर्खाइमा छन्। काठमाडौं मेडिकल कलेज (केएमसी)मा तीनजना कलेजो र ११ जना मिर्गौला प्रत्यारोपणको पर्खाइमा छन्। अस्पतालका प्रशासन प्रमुख नारायणप्रसाद दाहालले अंग प्रत्यारोपणको प्रक्रिया नै झन्झटिलो भएकाले पालो कुर्ने बिरामीको संख्या बढ्दै गइरहेको बताए। बी एन्ड बी, नर्भिक, ग्रान्डी र सुमेरु अस्पतालमा पनि मिर्गौला प्रत्यारोपण हुन्छ। तर, यी अस्पतालले लाइनमा रहेका बिरामीको तथ्यांक दिन मानेनन्।

आफैंमा कठिन मानिने प्रत्यारोपणपछि नयाँ जीवन पाउने आशामा बिरामी एक वर्षसम्मको पालो कुरिरहेका छन्। डोनर नपाउने, पाए पनि म्याचिङ नगर्ने तथा रक्त समूह नमिल्ने, झन्झटिलो कानुनी प्रक्रिया, आर्थिक अभावलगायत समस्या अंग बिग्रिएकाले झेल्दै आइरहेका छन्। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले पछिल्लो समय अंग प्रत्यारोपण गर्नेको संख्या बढ्दै गएको बताए। 'अंग प्रत्यारोपण गर्न पहिले विदेश जान्थे, अहिले विदेशभन्दा नेपालमा प्रत्यारोपण गराउँछु भन्नेहरू धैरै छन्,' उनले भने, 'देशभर पाँच अस्पतालमा कलेजो र एक दर्जनजति अस्पतालमा मिर्गौला प्रत्यारोपण हुन्छ, यो निजी र सरकारी दुवै अस्पतालतर्फको तथ्यांक हो। दुवैतर्फ गरी वार्षिक देशभर करिब आठ सयजनाको मिर्गौला र सयजनाको कलेजो प्रत्यारोपण हुन्छ, तर पर्खाइमा बस्नेको सूचीअनुसार यो पर्याप्त होइन।'

भक्तपुरस्थित धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा प्रत्यारोपणका लागि पालो पर्खिनेको संख्या पाँच महिनाअघि भन्दा अहिले कम भएको छ। पाँच महिनाअघि एक हजार बिरामी मिर्गौला प्रत्यारोपण गर्ने पालोमा बसेका थिए। तर, हाल उक्त संख्यामध्ये केही घटेको हो। केन्द्रका अनुसार मस्तिष्क मृत्युबाट हुने अंगदानमा अलि सुधार भएको छ। अझ यसमा बढी जोड दिने हो भने सुधार हुने प्रत्यारोपणविद् बताउँछन्। धैरै त मिर्गौला नमिलेर नै लामो समय पालोमा बस्नेहरू रहेको केन्द्रले जनाएको छ।

सहिद धर्मभक्तमा मात्रै मिर्गौला प्रत्यारोपणका लागि तीन सय र कलेजोका लागि १६० बिरामी पर्खाइमा

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा अंग प्रत्यारोपणका लागि पालो कुर्ने बिरामीको सूची निकै लामो छ। मिर्गौला प्रत्यारोपणका लागि ११ कात्तिकसम्मको तथ्यांक हेर्दा डोनरसहित उपस्थित भएका ११२ बिरामी पर्खाइमा छन्। यी बिरामी सबै प्रकारको चेकजाँच गरेर लिने तयारीमा बसेका हुन्। तर, यी सबैको मिर्गौला प्रत्यारोपण गरिसक्न एक वर्ष लाग्ने केन्द्रले जनाएको छ। त्यस्तै, ब्रेन डेथबाट आएको मिर्गौला प्रत्यारोपणको पर्खाइमा बसेका बिरामी १९२ जना छन्। उनीहरूको मिर्गौला प्रत्यारोपण गर्ने विभिन्न प्रक्रिया नमिलेको र डोनर नभेटिएका कारण ब्रेन डेथबाट आएको मिर्गौला लिन पर्खिएका हुन्। डोनर भेटिएका र सबै प्रक्रिया मिलेका बिरामीको तुलनामा ब्रेन डेथको मिर्गौला कुरिरहेका बिरामीको अंग प्रत्यारोपण गर्न एक वर्षभन्दा बढी लाग्ने केन्द्रले जनाएको छ। ब्रेन डेथबाट आएको मिर्गौला कुरिरहेकामध्ये ३१ जना तत्काल लिन सक्ने गरी तयारीमा बसेका छन्।

केन्द्रमा कलेजो प्रत्यारोपणका लागि पालो कुर्नेको संख्या पनि ठुलो छ। हाल ३१ जना बिरामी डोनर र अन्य तयारीसहित पालोमा बसेका छन्। ब्रेन डेथबाट आएको कलेजो लिने प्रतीक्षामा ८४ बिरामी छन्। यीमध्ये अधिकांशले डोनर नपाएको र आफन्तसँग म्याचिङ नगरेका कारण ब्रेन डेथ कुरिरहेका हुन्। केन्द्रले दिनमा औसतमा तीनजनासम्ममा मिर्गौला प्रत्यारोपण गर्छ। तर, सबै प्रक्रिया नमिले योभन्दा कम संख्यामा पनि प्रत्यारोपण हुन्छ। बिरामीको सबै प्रक्रिया मिल्यो भने दैनिक औसत एकजनामा ट्रान्सप्लान्ट गर्दै आइरहेको छ।

शिक्षण अस्पतालमा १३ र वीरमा १० जना मिर्गौला प्रत्यारोपणको पर्खाइमा

महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा मिर्गौला र कलेजो दुवै प्रत्यारोपण हुन्छ। अस्पतालले उपलब्ध गराएको तथ्यांकअनुसार हाल मिर्गौला प्रत्यारोपणका लागि १३ र कलेजो प्रत्यारोपण गर्न एक बिरामी पर्खाइका छन्। अस्पतालले एक वर्षमा १८ जनाको कलेजो र ७० जनाको मिर्गौला प्रत्यारोपण गरेको छ। कलेजो प्रत्यारोपणका लागि कुर्नुपर्ने अवस्था नभए पनि मिर्गौलाका लागि भने कुर्नुपर्ने अवस्था रहेको अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोसायराले बताए। मिर्गौला प्रत्यारोपण गर्नुपूर्व कानुनी प्रक्रियालगायत अन्य जाँच प्रक्रियासमेत पूरा गरी १३ बिरामी पर्खाइमा बसेका हुन्। वीर अस्पतालमा मिर्गौला मात्रै प्रत्यारोपण हुन्छ। हाल १० बिरामी मिर्गौला प्रत्यारोपणको पर्खाइमा छन्। वीरमा सातामा एक दिन मात्रै प्रत्यारोपण हुन्छ।

सुदूरपश्चिममा गाउँभन्दा सहरमा मत बदर धेरै

विकट हिमाली जिल्ला बाजुरामा प्रत्यक्षतर्फ २.९८ प्रतिशत मत बदर हुँदा कैलालीको धनगढीमा ५.४८ प्रतिशत बदर

धनगढीमा **तेजराज भट्ट**

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिममा गाउँभन्दा सहरी क्षेत्रमा मत बदर धेरै देखिएको छ। निर्वाचन आयोगका अनुसार सुदूरपश्चिममा प्रत्यक्षतर्फ ५.८४ प्रतिशत र समानुपातिकतर्फ ४.७१ प्रतिशत मत बदर भएको छ।

विकट हिमाली जिल्ला बाजुरामा प्रत्यक्षतर्फ २.९८ प्रतिशत मत बदर हुँदा प्रदेशको अस्थायी राजधानी र प्रदेशकै प्रमुख व्यापारिक केन्द्र पर्ने कैलाली ५ मा ५.४८ प्रतिशत मत बदर भएको छ। कैलाली ५ मा धनगढी उपमहानगरपालिकाका १९ वटै वडा र कैलारी गाउँपालिकाका वडा नम्बर ६ र ९ पर्छन्। क्षेत्र नम्बर ५ मा ६५ हजार ७५२ मत खसेकोमा तीन हजार ६०५ मत बदर भएका प्रदेश निर्वाचन कार्यालय धनगढीले जनाएको छ।



धनगढीस्थित स्वास्थ्य तालिम केन्द्रमा मतगणना गर्दै कर्मचारी। फाइल फोटो

कैलाली ५ मा एक लाख १० हजार ६२ ९ मतदातामध्ये ५९.४८ प्रतिशत मतदानमा सहभागी भएका थिए। प्रदेशको एक मात्र उपमहानगर धनगढीमा सहरी क्षेत्र र सहरी क्षेत्रसँगै जोडिएका बस्ती र ग्रामीण बस्ती छन्। यो क्षेत्रमा समानुपातिकतर्फ ४.२३ प्रतिशत मत बदर भएको छ। समानुपातिकतर्फ ६६ हजार २९५ मत खसेकोमा दुई हजार ८०७ मत बदर भएका निर्वाचन कार्यालयका सूचना अधिकारी राजेश चौधरीले बताए।

महेन्द्रनगर बजारसमेत पर्ने कञ्चनपुर ३ मा प्रत्यक्षतर्फ सुदूरपश्चिमका १६ वटै निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी ८.०१ प्रतिशत मत बदर भएको छ। एक लाख तीन हजार ८७ मतदाता रहेको यो क्षेत्रमा ५८ हजार २०९ जना मतदानमा सहभागी भएका थिए। त्यसमध्ये चार हजार ६६३ मत बदर भएको छ। क्षेत्र नम्बर ३ मा भीमदत्त नगरपालिका, दोधारा-चाँदनी नगरपालिका र वेदकोट नगरपालिकाको वडा नम्बर ८ सहित सबै नगरपालिकाभित्रकै बस्ती पर्छन्। यहाँ समानुपातिकतर्फ पनि ५८ हजार ५४३ मत खसेकोमा तीन हजार ३९९ मत बदर भएको छ, जुन ५.८१ प्रतिशत हो।

'मतदाता शिक्षा नपुगेर सहरी क्षेत्रमै धेरै मत बदर भएको देखियो,' जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरका प्रमुख हरिदत्त जोशीले भने। उनका अनुसार महेन्द्रनगर बजार र बजारसँगै जोडिएका वडामा बदर मत संख्या धेरै छ। बदर मतको प्रकृति हेर्दा एउटै मतपत्रमा तीनवटासम्म छाप हानेको, सही ठाउँमा छाप नहानेको र कतिपय मतपत्रमा ल्याप्चेसमेत लगाएको देखिएको जोशीले बताए।

कैलाली १ मा प्रत्यक्षतर्फ ७.२१ र समानुपातिकतर्फ ५.४९ प्रतिशत मत बदर भएको छ। यो क्षेत्रअन्तर्गत ठुलो संख्यामा मतदाता रहेको टीकापुर बजार तथा सँगै जोडिएका पालिका पर्छन्। क्षेत्र नम्बर १ मा प्रत्यक्षतर्फ खसेको ५८ हजार ४३३ मतमध्ये चार हजार २१४ मत र समानुपातिकतर्फ खसेको ५९ हजार ३११ मतमध्ये तीन हजार २५८ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ।

कुन निर्वाचन क्षेत्रमा कति मत बदर ?

सुदूरपश्चिममा प्रत्यक्षतर्फ आठ लाख ७४ हजार मत खसेकामा ५१ हजार ५६ मत बदर भएको छ। त्यस्तै, समानुपातिकतर्फ आठ लाख ८४ हजार १७७ मतमध्ये ४१ हजार ६२४ मत बदर भएको छ। प्रदेशभरि १७ लाख १६ हजार ६६० मतदाता छन्। अछाम १ मा ३१ हजार ६५६ मतमध्ये एक हजार ३०८ (४.१३ प्रतिशत) मत बदर भएको छ। यहाँ नेकपाका भीमबहादुर रावललाई ५२६ मतान्तरले हराउँदै कांग्रेसका भरतकुमार स्वाँर निर्वाचित भए।

अछाम २ मा ३२ हजार २१२ मतमध्ये ५.१० प्रतिशत (एक हजार ६४३) मत बदर भएको छ। यहाँ एमालेका यज्ञबहादुर बोगटी नौ हजार ५१८ मत पाएर विजयी हुँदा कांग्रेसका पुष्पबहादुर शाह नौ हजार ४६ मत पाएर निकटम प्रतिस्पर्धी बने। बाजुरामा प्रत्यक्षतर्फ खसेको ४५ हजार २५२ मतमध्ये एक हजार ३४६ मत र समानुपातिकतर्फ खसेको ४५ हजार ६६९ मतमध्ये एक हजार दुई सय (२.६३ प्रतिशत) मत बदर भएको छ।

बझाङमा प्रत्यक्षतर्फ खसेको ५७ हजार ९९४ मतमध्ये तीन हजार १६१ (५.४५ प्रतिशत) मत, डोटीमा खसेको ५२ हजार १४२ मतमध्ये दुई हजार ९७४ (५.७० प्रतिशत) र डडेल्धुरामा खसेको ४५ हजार ५४३ मतमध्ये दुई हजार ४७६ (५.४४ प्रतिशत) मत बदर भएको छ। दार्चुलामा ४९ हजार ९३७ मत खसेकामा दुई हजार ४७ (४.१० प्रतिशत) मत बदर भएको छ। बैतडीमा प्रत्यक्षतर्फ ७२ हजार ८४३ जनाले मतदान गरेकामा पाँच हजार ११३ मत बदर भएको छ, जुन ७.०२ प्रतिशत हो। कैलाली २ मा प्रत्यक्षतर्फ ६.३५ प्रतिशत, ३ मा ५.५५ प्रतिशत र ४ मा ५.९१ प्रतिशत मत बदर भएको छ। यी तीनै क्षेत्रमा पनि सहरी क्षेत्रमा बसोबास गर्ने मतदाता संख्या उल्लेख्य छ। कैलाली २ मा ५६ हजार २०५ मत खसेकामा तीन हजार ५६८ र कैलाली ३ मा ५९ हजार ७५९ मत खसेकामा तीन हजार ३१६ र कैलाली ४ मा ६१ हजार ९४१ मत खसेकामा तीन हजार ६५८ मत बदर भएको निर्वाचन कार्यालयका सूचना अधिकारी चौधरीले बताए।

कञ्चनपुर १ मा ६० हजार ७८५ मतमध्ये तीन हजार ७३४ (६.१४ प्रतिशत) र २ मा ६५ हजार ३४७ मतमध्ये चार हजार २३० (६.४७ प्रतिशत) मत बदर भएको छ।

प्रदेश निर्वाचन कार्यालय धनगढीका प्रमुख प्रेमराज भट्टले कैलालीमा बदर भएकामध्ये दुईवटा छाप लगाइएको र खाली छोडिएको संख्या धेरै रहेको बताए। ०७९ को निर्वाचनभन्दा यसपालि प्रत्यक्षतर्फ बदर मत ०.८९ प्रतिशतले घटेको उनले बताए। उनका अनुसार मतदाता शिक्षाका लागि प्रदेशभरि ७३४ वटै वडामा प्रतिवडा एकजनाका दरले मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको थियो।

चिकित्सा शिक्षा अध्ययन गर्ने भारतीय विद्यार्थी पनि जुम्लामा

कर्णाली प्रतिष्ठानमा नयाँ शैक्षिक सत्रका लागि एमबिबिएससहित कोर्सका लागि १३० विद्यार्थी भर्ना

जुम्लामा **मानदत्त रावल**



चिकित्सा शिक्षा अध्ययनका लागि भारतसहित नेपालका विभिन्न जिल्लाबाट १३० जना विद्यार्थी जुम्ला पुगेका छन्। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको नयाँ शैक्षिक सत्र ०८२ का लागि एमबिबिएस, बिएनएस, बिपिएच, बिएस्सी नर्सिङ, नर्सिङ तथा बी-फार्मालगायत विषय अध्ययन गर्न उनीहरू जुम्ला पुगेका हुन्।

आफ्नी छोरी रेन्जु सिंहलाई एमबिबिएस अध्ययनका लागि जुम्ला ल्याएका भारतको दिल्लीका रावेन्द्र सिंहले जुम्ला नेपालकै सुन्दर क्षेत्र भएको बताए। जुम्ला रोज्नुमा यहाँको शान्त र सुन्दर वातावरण तथा गुणस्तरीय शिक्षा मुख्य कारण रहेको उनको भनाइ छ।

दाङबाट एमबिबिएस अध्ययनका लागि जुम्ला पुगेका अमय आचार्यले सुनेको भन्दा देखेको जुम्ला निकै फरक लागेको बताए। 'जुम्लामा राम्रो बाटो छैन, भौगोलिक विकटता छ भन्ने मात्र सुनेका थियौँ,' उनले भने, 'तर, यहाँ चिकित्सा शिक्षा अध्ययनका लागि राम्रो वातावरण रहेछ। राज्यले लगानी गरे भाषा, साहित्य, सभ्यता, संस्कृति, जडीबुटी र प्राकृतिक सुन्दरताको अध्ययनका लागि समेत जुम्ला महत्त्वपूर्ण केन्द्र बन्न सक्छ।'

लमजुङका विष्णुलाल श्रेष्ठले कर्णालीको विकटताभित्र लुकेका सम्भावना बुझेर आफ्नी छोरीलाई चिकित्सा शिक्षा पढाउन जुम्ला पठाएको बताए। विकटता मात्र नभई सम्भावना पनि छ भन्ने सन्देश दिन जुम्ला रोजेको उनको तर्क छ।

भारतकी रेन्जु सिंहसहित धनुषाकी सूर्यकुमारी साह, धरानकी सुरक्षा श्रेष्ठ, कैलालीकी पूर्णिमा भट्टराई, गुल्मीकी पुष्पा भण्डारी, पोखराका विकास पोखरेल, अमरकुमार महतो, विकास सिंजाल, मधेशका राजकुमार मल्लमाभी, पोखराकी भूमिका गुरुङलगायत विभिन्न जिल्लाबाट विद्यार्थी अध्ययनका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पुगेका छन्। प्रतिष्ठानका शिक्षाध्यक्ष डा. डबलबहादुर धामीका अनुसार नयाँ शैक्षिक सत्रका लागि एमबिबिएसतर्फ ५० जना, नर्सिङतर्फ २० जना, बिएनएसतर्फ २० जना, बिपिएचतर्फ २० जना, बिएस्सी नर्सिङतर्फ २० जना र बिफार्मातर्फ २० जना गरी १३० विद्यार्थी भर्ना भएका छन्। गत वर्ष विभिन्न फ्याकल्टीमा १०४ विद्यार्थी भर्ना भएका थिए। तर, यस वर्ष थप १३० जना आएका हुन्। सीमित स्रोत-साधनका बिच पनि गुणस्तरीय शिक्षा दिन सकेकाले सुगम क्षेत्रका विद्यार्थीसमेत जुम्ला रोजेर आउने गरेका उनको भनाइ छ।

प्रतिष्ठानका उपकुलपति डा. पूजन रोकायाले देशभरका विद्यार्थीले अध्ययनको गन्तव्यका रूपमा जुम्ला रोज्नु गौरवको विषय भएको बताए। प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पिछडिएको क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्ने महत्त्वपूर्ण संस्था भएको बताए। अध्ययनका लागि जुम्ला आएका विद्यार्थीको शान्ति-सुरक्षामा प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहने उनले बताए।

दादुरा रोक्न ढोरपाटनमा खोप अभियान चलाइने

बागलुङ/ बागलुङको ढोरपाटन नगरपालिकामा दादुराको संक्रमण फैलिएपछि खोप अभियान सञ्चालन गरिने भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक प्रमुख प्रवीण शर्माले ढोरपाटन नगरपालिकाका १० वटै वडामा १० देखि १९ वर्षका ६ हजार ७६३ बालबालिका र किशोर-किशोरीलाई खोप लगाइने बताए। उनका अनुसार २९ फागुनदेखि १ चैतसम्म खोप लगाइनेछ।

ढोरपाटनमा ८ फागुनमा एकजनालाई दादुरा संक्रमण पुष्टि भएको थियो। त्यसयता थप पाँचजनामा संक्रमण पुष्टि भइसकेको छ। ७४ जनामा दादुराको लक्षण देखिएको थियो। तीमधये सातजना बालबालिकाको बुर्तीबाङ अस्पतालमा उपचार भइरहेको छ। यसअघि सन् २०२२ मा बागलुङ गलकोटमा दादुरा संक्रमणबाट एकजनाको ज्यान गएको थियो। २०२४ मा निसीखोलका एक व्यक्तिमा संक्रमण देखिएको थियो।

कैद छुट पाएर रिहा भए मनाङे



काठमाडौं/ ज्यान मार्ने उद्योग मुद्दामा पाँचवर्षे कैद सजाय तोकिएका गण्डकी प्रदेशका पूर्वसांसद राजीव गुरुङ (दीपक मनाङे) एक वर्ष कैद छुट पाएर चार वर्षमै रिहा भएका छन्। उनी बुधबार डिल्लीबजार कारागारबाट रिहा भएका हुन्।

फैसला भएको ६० दिनभित्रै फैसला कार्यान्वयन भएको भन्दै जिल्ला अदालत, काठमाडौंले उनलाई २० प्रतिशत कैद छुट दिएकाले उनी छिट्टै जेलमुक्त भएका हुन्।

गत वर्ष कात्तिकमा पक्राउ परेपछि मनाङले सो सुविधा पाउन माग गर्दै जिल्ला अदालत, काठमाडौंमा निवेदन दिएका थिए। न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले सुविधा दिने फैसला गरेको थियो। सोही आधारमा उनको एक वर्ष कैद छुट भएको हो। फैसला कार्यान्वयनलाई सघाउनेलाई प्रोत्साहन गर्न यस्तो कानुनी व्यवस्था गरिएको छ। यद्यपि, सर्वोच्चको फैसलापछि भूमिगत भएको अवस्थामा उनलाई सिआइबीको टोलीले पक्राउ गरेको थियो। गत २० कात्तिकमा सर्वोच्च अदालतले मनाङेलाई पाँच वर्ष कैद सजाय हुने उच्च अदालतको फैसला सदर गरेको थियो।

चुनावपछि बढ्न थाल्यो उपत्यकामा चहलपहल

नियमित ड्युटीमा फर्किए ट्राफिक प्रहरी, उपत्यकाका अधिकांश स्थानका ट्राफिक लाइट सञ्चालनमा

शिवहरि घिमिरे/नयाँ पत्रिका

चुनावका वेला सुनसान बनेको उत्यकामा चहलपहल बढ्न थालेको छ। ट्राफिक प्रहरीहरू पनि नियमित ड्युटीमा फर्किन थालेका छन्। प्रतिनिधिसभा निर्वाचनका कारण निर्वाचन सुरक्षामा खटाइएका सबै ट्राफिक प्रहरी पूर्ववत् अवस्थामै ड्युटीमै फर्किएका हुन्।



मतदान गर्न बाहिरिएका अधिकांश मानिसहरू उपत्यकामा फर्किइसकेका छन्। निर्वाचनको वेला करिब नौ लाख २० हजार मानिसले उपत्यका छाडेका थिए। उपत्यका बाहिरिएकाहरू फर्किएपछि सडकमा ट्राफिक जाम र भिडभाड बढ्न थालेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले जानकारी दिए। उनका अनुसार उपत्यकाका तीन जिल्लामा खटिने ट्राफिक प्रहरी संख्या एक हजार ६५० हो। सबै ट्राफिक प्रहरी फर्किसकेको उनले बताए।

'सीमित प्रहरीबाहेक सबैलाई निर्वाचनका वेला निर्वाचन सुरक्षामा केन्द्रित गराएका थियौँ, अधिकांश सडकमा निर्वाचन प्रहरीको भरमा ट्राफिक व्यवस्थापन थियो, तर आइतबारदेखि नै सबै ट्राफिकहरू नियमित ड्युटीमा खटिएका छन्,' उनले भने, 'उपत्यकाबाट बाहिरिनुभएकाहरू उपत्यकामा भित्रिइसक्नुभएको छ, उपत्यकाका सडकको भिड पुरानै अवस्थामा पुग्न थालेको छ, बाहिरिनेहरूको संख्या कम हुँदै जाँदा भित्रनेहरूको संख्या बढिरहेको छ।' अधिकारीका अनुसार मतदान गर्न गएकाहरू चुनावको साँझदेखि नै फर्किनेक्रम बढेको थियो। यसअघि ठुलो संख्यामा यात्रु र सवारीसाधन ओहोरदोहोर गरे पनि सडक दुर्घटना भएन। निर्वाचनको वेला ओहोरदोहोर गरेका यात्रुहरूले यातायातमा कठिन र सास्ती नखेपेको नेपाल राष्ट्रिय यातायात महासंघले जनाएको छ। महासंघका कार्यवाहक अध्यक्ष सरोज सिटौंलाले चुनाव यात्रा निकै सहज र व्यवस्थित भएकोले दुर्घटनाहरू नभएको बताए। 'चुनावको बेला उपत्यका बाहिरिनेको संख्या लाखौं थियो, बाटाघाटो सहज भएकोले पनि त्यस्तो कुनै अप्रिय घटना भएन,' उनले भने, 'निर्वाचनको बेला धेरैजसो रिर्जभ गाडि चलेका थिए।' उनका अनुसार अन्य समयमा उपत्यकाबाट बाहिरिनेभन्दा भित्रिने यात्रुहरूको संख्या बढी हुन्छ। तर चाडवाड र चुनावको बेला बाहिरिने यात्रुहरू बढी हुन्छन्।

२८ फागुनदेखि बिदाइ हुँदै छन् निर्वाचन प्रहरी निर्वाचनलक्षित सुरक्षाका लागि भर्ना गरिएका निर्वाचन प्रहरीलाई २८ फागुनमा बिदाइ गरिने भएको छ। निर्वाचन सम्पन्न भइसकेकाले उनीहरूलाई बिदाइ गर्न लागिएको हो। सरकारले निर्वाचलक्षित एक लाख ३३ हजार ९८० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो। त्यसमध्ये काठमाडौं मात्रै तीन हजार ८५४ जना, ललितपुरका एक हजार ५९६ जना र भक्तपुरमा एक हजार ९३ जना निर्वाचन प्रहरी खटिएका थिए। निर्वाचन प्रहरी राख्दा उनीहरूलाई दिइने तलब र अन्यमा गरी सात अर्ब १३ करोड रुपैयाँ खर्च भएको छ।

जेन-जी आन्दोलनका वेला उपत्यकाभित्र ४४ स्थानमा ट्राफिक लाइट सञ्चालनमा थिए। तर, त्यसमध्ये नौ स्थानबाहेक सबै ट्राफिक लाइट तोडफोड भयो। जेन-जी आन्दोलनभन्दा पहिले ट्राफिक लाइट जम्मा ६६ स्थानमा राखिएको थियो। तर त्यतिवेला ४४ स्थानका मात्रै सञ्चालनमा थिए। हाल ५१ स्थानका ट्राफिक लाइट सञ्चालनमा ल्याइसकिएको छ। यसले उपत्यकाको ट्राफिक व्यवस्थापनमा सहजता मिलेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी नरेशराज सुवेदीले बताए।

'जेनजी आन्दोलनका बेला अधिकांश ट्राफिक लाइट र सिसिक्यामेरा तोडफोड भएका थिए, हाल ५१ ठाउँमा ट्राफिक लाइट बल्छन्, कतिपय मर्मत पनि भइरहेको छ,' उनले भने, 'अहिले उपत्यकाका मुख्य सडकआसपासमा २६७ स्थानमा सिसिक्यामेरा छन्, ट्राफिक लाइट र सिसिटिभी सडक सुरक्षाको मुख्य माध्यम हो, प्रविधिमैत्री सडक सुरक्षामा सबैले ध्यान दिनुपर्छ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्ने आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/११/२८)

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नं/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नं परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं	ऋणी/प्रोप्राईटर/शेयरधनी/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : रुद्र होटल (लघु आवधिक कर्जा)** उद्योग दर्ता नं. : १०९०/३७९/२०१८७, ठेगाना : दमक ८, झापा **ऋण प्रवाह गर्ने शाखा : दमक** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. दिपा न्यौपाने-प्रोप्राईटर/जमानीकर्ता,** (ना.प्र.नं.०४-०२-७३-०३६७५, मिति २०७३/०८/२९ मा जि.प्र.का.झापाबाट जारी भएको) पति : दान बहादुर न्यौपाने, ससुरा : टिका राम न्यौपाने **२. दान बहादुर न्यौपाने-जमानीकर्ता** (ना.प्र.नं.२३११४८८५, मिति २०५६/०५/१९ मा जि.प्र.का.झापाबाट जारी भएको) बाबु : टिका राम न्यौपाने, बाजे : पल मान न्यौपाने
२.	**ऋणी : यज्ञ प्रसाद पोखरेल (धितो कर्जा),** (ना.प्र.नं.५१३२४, मिति २०३६/१०/०६ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), ठेगाना : सिजुवा ८, मोरङ, बाबु : कमलापति पोखरेल, बाजे : विष्णु लाल पोखरेल **ऋण प्रवाह गर्ने शाखा : दमक** **व्यक्तिगत जमानीकर्ता :** **१.धनमाया पोखेल-जमानीकर्ता** (ना.प्र.नं.३७०, मिति २०४४/१०/२४ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) पति : यज्ञ प्रसाद पोखरेल, ससुरा : कमलापति पोखरेल **२.केशव प्रसाद पोखेल-जमानीकर्ता** ना.प्र.नं.०५२०५५/३८२०, मिति २०६६/१२/२० मा जि.प्र.का.मोरङ्गबाट जारी भएको) बाबु : यज्ञ प्रसाद पोखरेल, बाजे : कमलापति पोखरेल
३.	**ऋणी : सहन इन्जिनियरिङ्ग कन्सर्न प्रा.लि. (विविध कर्जा)** दर्ता नं. : ९५२५९/०६९/०७०, ठेगाना : ललितपुर १४, ललितपुर **ऋण प्रवाह गर्ने शाखा : इमाडोल** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सन्त कुमार गुरुङ्ग-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ९०९, मिति २०३९/०८/१३ मा जि.प्र.का.तनहुँबाट जारी भएको) बाबु : रन बहादुर गुरुङ्ग, बाजे : धर्म सिङ्ग गुरुङ्ग **२. लक्ष्मी थापा-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३११०२३/७२५२५, मिति २०६७/०३/०८ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको) बाबु : राम बहादुर थापा, बाजे : श्याम बहादुर थापा
४.	**ऋणी : भुपेन्द्र कुमार कटवाल (लघुबित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं.१५०७१/८२३, मिति २०५३/१२/२५ मा जि.प्र.का. ओखलढुङ्गाबाट जारी भएको), ठेगाना : ठुलाछाप २, ओखलढुङ्गा हाल इटहरी १, सुनसरी बाबु : डिल्लि बहादुर कटवाल, बाजे : अम्बर बहादुर कटवाल **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **व्यक्तिगत जमानीकर्ता :** **ईन्दीरा कार्की-जमानीकर्ता** (ना.प्र.नं.३३७१-६८५८, मिति २०५८/०१/२६ मा जि.प्र.का.सप्तरीबाट जारी भएको) पति : भुपेन्द्र कुमार कटवाल, ससुरा : डिल्लि बहादुर कटवाल
५.	**ऋणी : कुमार थापा (लघुबित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं.२३११११६००, मिति २०४४/१२/०५ मा जि.प्र.का.झापाबाट जारी भएको), ठेगाना : दमक ९, झापा हाल दमक ४, झापा बाबु : हर्क बहादुर थापा, बाजे : सैनध्यज थापा **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **व्यक्तिगत जमानीकर्ता :** **सरिता मगर-जमानीकर्ता** (ना.प्र.नं.३५७४२३९, मिति २०५२/११/१० मा जि.प्र.का.झापाबाट जारी भएको), बाबु : रण बहादुर थापा, बाजे : कर्ण बहादुर मगर
६.	**ऋणी : आर्यन कन्स्ट्रक्सन (अधिविकर्ष कर्जा),** घ.तथा सा.उ.का.प्रा.फ.पर्सा नं.: १०४९८/०७५/०७६, ठेगाना : धोबिनी गा.पा.३, पर्सा **ऋण प्रवाह गर्ने शाखा : विरगञ्ज** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. शिवशंकर प्रसाद कुर्मी- प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३४१०३३/६२, मिति २०६५/०४/२६ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : सोहन राउत कुर्मी, बाजे : किसुन राउत **२. सोहन राउत कुर्मी-जमानीकर्ता** (ना.प्र.नं.३६१२१३०४, मिति २०३५/०४/०५ मा जि.प्र.का.पर्साबाट जारी भएको) बाबु : किसुन राउत, बाजे : कनाही राउत **३. हरीशंकर प्रसाद कुर्मी-जमानीकर्ता** (ना.प्र.नं.३६१२२२६७, मिति २०६२/०८/१३ मा जि.प्र.का.पर्साबाट जारी भएको) बाबु : सोहन राउत कुर्मी, बाजे : किसुन राउत **४.सविता कुमारी कुर्मी-जमानीकर्ता** (ना.प्र.नं.३४-०१-७६-०६६३९, मिति २०७६/०६/१० मा जि.प्र.का.पर्साबाट जारी भएको) बाबु : हरीशंकर प्रसाद कुर्मी, बाजे : सोहन राउत कुर्मी
७.	**ऋणी : राम नारायण चौधरी थारु (लघुबित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं.३५/१७१९, मिति २०४५/०१/०३ मा जि.प्र.का.सुनसरीबाट जारी भएको), ठेगाना : इनरुवा ९, सुनसरी बाबु : छुतहरु चौधरी थारु, बाजे : नथरु चौधरी **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **व्यक्तिगत जमानीकर्ता :** **बाग्मती देवी चौधरी-जमानीकर्ता** (ना.प्र.नं.८३२२/११३२२, मिति २०४५/११/१९ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) पति : राम नारायण चौधरी थारु, ससुरा : छुतहरु चौधरी थारु
८.	**ऋणी : लक्ष्मण रिषिदेव (लघुबित्त/विपन्न वर्ग कर्जा),** (ना.प्र.नं. १५५८९/१७५८९, मिति २०४९/१०/२९ मा जि.प्र.का.सुनसरीबाट जारी भएको), ठेगाना : भलुवा २, सुनसरी हाल दुहबी ७, मोरङ्ग, बाबु : लोलहु रिषिदेव, बाजे : किसन रिषिदेव **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **व्यक्तिगत जमानीकर्ता :** **सविना रिषिदेव-जमानीकर्ता** (ना.प्र.नं.८४००७/८५००७, मिति २०६०/१०/०६ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) पति : लक्ष्मण रिषिदेव, ससुरा : लोलहु रिषिदेव
९.	**ऋणी : संगीता निरौला (लघुबित्त/विपन्न वर्ग कर्जा)** (ना.प्र.नं.९८६०/२२१, मिति २०५७/०३/०६ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), ठेगाना : अमरदह ४, मोरङ्ग हाल इटहरी ४, सुनसरी पति : श्याम बहादुर निरौला , बाजे : भिम बहादुर निरौला **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **व्यक्तिगत जमानीकर्ता :** **श्याम बहादुर निरौला-जमानीकर्ता** (ना.प्र.नं. १४४३/३५५, मिति २०५२/१२/१३ मा इ.प्र.शाखा.रंगेलीबाट जारी भएको) बाबु : भिम बहादुर निरौला, बाजे : जभान सिंह निरौला
१०.	**ऋणी : शोभा कार्की (लघुबित्त/विपन्न वर्ग कर्जा),** (ना.प्र.नं.१६५, मिति २०४३/०२/१२ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) ठेगाना : ठूलाछाप ४, ओखलढुङ्गा हाल इटहरी २०, सुनसरी , बाबु : भिम बहादुर खत्री, बाजे : भक्त बहादुर खत्री, पति : कृष्ण कुमार कार्की, **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **व्यक्तिगत जमानीकर्ता :** **संगिता खरका-जमानीकर्ता** (ना.प्र.नं. ७३६९८/७४६९८, मिति २०५९/०८/१७ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) बाबु : कृष्ण कुमार कार्की, बाजे : राम बहादुर कार्की
११.	**ऋणी : बहुउद्देश्यीय नमुना कृषि तथा पशुपंक्षी फर्म (आवधिक कर्जा)** सा.फ.र.नं. : ५/३४७/१०-२०७८/७९, ठेगाना : लमही ८, दाङ **ऋण प्रवाह गर्ने शाखा : लमही** **साझेदार/व्यक्तिगत जमानीकर्ताहरु :** **१. निराजन देवकोटा-साझेदार/जमानीकर्ता** (ना.प्र.नं. ४६७/२२२६, मिति २०५६/१२/०३ मा जि.प्र.का.दाङबाट जारी भएको) बाबु : शरद कुमार शर्मा, बाजे : लिलाराज उपाध्याय **२. जानकी भुसाल-साझेदार/जमानीकर्ता** (ना.प्र.नं.९१६, मिति २०६०/०२/२९ मा जि.प्र.का.दाङबाट जारी भएको) बाबु : पिमलाल भुसाल, बाजे : धनिराम भुसाल
१२.	**ऋणी : सिंह देवी चित्र ज्वेलर्स (चालुपूँजी कर्जा),** प्रा.फ.र.नं. : ३४०६२/०७७/७८, ठेगाना : उर्लाबारी ८, मोरङ्ग, **ऋण प्रवाह गर्ने शाखा : उर्लाबारी** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.अनिल धिमाल-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ०५२०४९/२२५०६, मिति २०६९/०६/२४ मा जि.प्र.का.मोरङ्ग उर्लाबारीबाट जारी भएको) बाबु : खुशी लाल धिमाल, बाजे : लहरमान धिमाल **२. खुशी लाल धिमाल-जमानीकर्ता** (ना.प्र.नं.३९९/१०१, मिति २०४३/११/०१ मा जि.प्र.का.मोरङ्ग उर्लाबारीबाट जारी भएको) बाबु : लहरमान धिमाल, बाजे : चन्द्र बहादुर धिमाल
१३.	**ऋणी : योङ्हाङ्ग निर्माण सेवा (हायर पर्चेज कर्जा),** प्रा.फ.नं. : १५८/१०६/१३४९४, ठेगाना : दमक ५, झापा **ऋण प्रवाह गर्ने शाखा : दमक** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.नविन लिम्बु-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.६६२९५, मिति २०५९/०७/२७ मा जि.प्र.का.इलामबाट जारी भएको) बाबु : जोग बहादुर लिम्बु, बाजे : इन्द्र बहादुर लिम्बु **२.शान्ता लिम्बु-जमानीकर्ता** (ना.प्र.नं. ०३००७३/११२५, मिति २०६३/११/२४ मा जि.प्र.का.इलामबाट जारी भएको) पति : नविन लिम्बु , ससुरा : जोग बहादुर लिम्बु **३.धन कुमार योङ्हाङ्ग-जमानीकर्ता** (ना.प्र.नं.५९०३०/६७४१, मिति २०५७/०५/२७ मा जि.प्र.का.इलामबाट जारी भएको) बाबु : जोग बहादुर लिम्बु, बाजे : इन्द्र बहादुर लिम्बु

नेपालका लागि नयाँ रणनीतिक मार्गको खोजी

दुई ठुला अर्थतन्त्रबिच रहेको नेपालले क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्त्वपूर्ण लाभ उठाउन सक्छ



● बिनोज बस्न्यात

अग्रलेख

विगत करिब साढे सात दशकमा नेपालले विभिन्न राजनीतिक प्रयोग पार गरेको छ। २००७ को राजनीतिक परिवर्तनदेखि २०७२ को संविधानसम्म आइपुग्दा देशले तीन फरक राजनीतिक संरचना- सक्रिय राजतन्त्र, संवैधानिक राजतन्त्र र संघीय गणतन्त्रको अनुभव गरिसकेको छ। शासन व्यवस्थाका रूपमा पञ्चायत, बहुदलीय लोकतन्त्र र संघीय प्रणालीको अभ्यास पनि भइसकेको छ। शान्ति प्रक्रियादेखि संविधान निर्माणसम्मको करिब दुई दशक लामो राजनीतिक संक्रमणले देशलाई नयाँ संवैधानिक ढाँचा दिएको छ। तर, यसले अपेक्षित राजनीतिक स्थिरता, संस्थागत मजबुती र दीर्घकालीन नीतिगत निरन्तरता भने अझै पूर्ण रूपमा स्थापित गर्न सकेको छैन।

दुई संविधानसभा निर्वाचन र त्यसपछिका आमनिर्वाचनले नेपालको राजनीतिक शक्ति संरचनालाई स्पष्ट बनाएका छन्। यी निर्वाचनले स्थापित राजनीतिक दलहरू, उदाउँदै गरेका नयाँ शक्ति र पछिल्लो समय उदाएका राजनीतिक शक्तिको उपस्थितिलाई संस्थागत रूपमा परिभाषित गरेका छन्। यस प्रक्रियामा न्यायपालिकाका केही महत्त्वपूर्ण निर्णयले पनि शासन संरचना र राजनीतिक प्रक्रियामा प्रभाव पारेका छन्। तर, यति धेरै राजनीतिक परिवर्तन भए पनि समग्र राजनीतिक तथा संस्थागत मूल्यांकन अझै पर्याप्त रूपमा हुन सकेको छैन। यसले संरचनात्मक परिवर्तन र लोकतान्त्रिक अभ्यासबिचको दूरीलाई संकेत गर्छ।

आज नेपालले सामना गरिरहेका चुनौती केवल राजनीतिक प्रतिस्पर्धामा सीमित छैनन्। यी चुनौती राष्ट्रिय प्राथमिकता, संस्थागत क्षमता, भूराजनीतिक अवस्थिति र जनमानसको विश्वाससँग गहिरो रूपमा जोडिएका छन्। दीर्घकालीन राजनीतिक स्थिरता, आर्थिक व्यवस्थाको सुदृढीकरण, सामाजिक सद्भावको संरक्षण, सन्तुलित परराष्ट्र नीति र कृषि क्षेत्रको रूपान्तरण अहिलेका प्रमुख राष्ट्रिय प्राथमिकताका रूपमा उभिएका छन्।

तर, व्यवहारमा यी प्राथमिकतालाई प्रभावकारी रूपमा अघि बढाउन केही संरचनात्मक अवरोध देखा परेका छन्। नेपालको राजनीतिक निर्णय प्रक्रियामा कहिलेकाहीँ लोभ र डरले निर्देशित प्रवृत्ति देखिन्छ। यस्तो प्रवृत्तिले दीर्घकालीन रणनीतिक सोचभन्दा पनि तत्कालीन राजनीतिक लाभलाई प्राथमिकता दिन्छ। परिणामस्वरूप नीति-निर्माण प्रक्रियामा स्थिरता र निरन्तरता कमजोर हुने जोखिम बढ्छ।

नेपालको भूराजनीतिक अवस्थिति पनि महत्त्वपूर्ण रणनीतिक कारक हो। भारत र चीनबिच अवस्थित नेपालले सधैँ रणनीतिक सन्तुलन कायम राख्नुपर्ने चुनौती सामना गरेको छ। यी दुई ठुला छिमेकी राष्ट्रका आर्थिक, राजनीतिक र सुरक्षा हितले नेपालको नीतिगत निर्णय प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहन्छ। तर, यही अवस्थिति नेपालका लागि अवसर पनि बन्न सक्छ। नेपालले यसलाई रणनीतिक दृष्टिकोणबाट व्यवस्थापन गर्न सकेमा क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्त्वपूर्ण लाभ लिन सक्छ।

यी समग्र परिस्थितिले नेपालको शासन प्रणालीमा केही गम्भीर संरचनात्मक समस्या जन्माएका छन्। पहिलो, नीतिगत निरन्तरताको अभाव। सरकार परिवर्तनसँगै नीति र प्राथमिकता परिवर्तन हुने प्रवृत्तिले दीर्घकालीन योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। दोस्रो, शासन प्रणालीप्रति जनविश्वासको ह्रास। राज्यका संस्थाहरूले अपेक्षित परिणाम दिन नसक्दा जनतामा निराशा र अविश्वास बढ्दै गएको देखिन्छ। तेस्रो, राजनीतिक दलहरूको वैधतामाथि प्रश्न उठ्ने अवस्था। दलभित्र आन्तरिक लोकतन्त्र, पारदर्शिता र नेतृत्व परिवर्तनको अभावले तिनको विश्वसनीयता कमजोर बनाएको छ।

चौथो, राज्यका संस्थामा बढ्दो अति दलीयकरण। प्रशासनिक संरचनादेखि सार्वजनिक संस्थासम्म दलीय प्रभाव बढ्दा नीतिगत निर्णय वस्तुगतभन्दा पनि राजनीतिक प्रभावमा आधारित हुने जोखिम बढेको छ। पाँचौँ, राजनीतिक भ्रष्टाचार। सार्वजनिक स्रोतको पारदर्शी र जिम्मेवार प्रयोग सुनिश्चित गर्न नसक्दा शासन प्रणालीको विश्वसनीयता कमजोर बन्ने खतरा हुन्छ। छैटौँ, दलगत दृष्टिकोणबाट प्रभावित परराष्ट्र नीति। राष्ट्रिय सहमति र दीर्घकालीन रणनीतिक सोचभन्दा दलगत प्राथमिकताबाट परराष्ट्र नीति सञ्चालन गर्दा राष्ट्रिय हित कमजोर हुन सक्छ। सातौँ, संस्थागत क्षमताको ह्रास। राज्यका प्रमुख संस्थाको दक्षता, स्वायत्तता र दीर्घकालीन क्षमता कमजोर हुँदा नीति कार्यान्वयनमा कठिनाइ उत्पन्न हुन्छ।

यी चुनौतीबिच एउटा मूल प्रश्न उठ्छ- नेपालले राजनीतिक स्थिरता कसरी पुनः स्थापित गर्ने ? केही विश्लेषकले यसको सम्भावित उत्तर 'निर्वाचन पुनः स्थापना' (इलेक्टोरल रिसेट) मा देखेका छन्। निर्वाचन पुनः स्थापना भन्नाले केवल नयाँ चुनाव गराउनु मात्र होइन, यसको अर्थ व्यापक रूपमा राजनीतिक वैधताको पुनर्निर्माण पनि हो। जब जनताको विश्वास कमजोर हुन थाल्छ, तब नयाँ जनादेशमार्फत राजनीतिक प्रणालीलाई पुनः सक्रिय बनाउने अवसर सिर्जना हुन्छ।

तर, यस्तो कदम प्रभावकारी हुन निर्वाचन प्रणालीको पुनरावलोकन, प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वबिच सन्तुलन, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको सुदृढीकरण र चुनावी वित्तीय प्रणालीलाई पारदर्शी बनाउने प्रयास अत्यावश्यक छन्। यी सुधारविना केवल नयाँ निर्वाचनले अपेक्षित राजनीतिक स्थिरता ल्याउन सक्ने सम्भावना रहन्न। यससँग केही जोखिम पनि जोडिएका छन्। उही राजनीतिक समीकरण दोहोरिन सक्छ, निर्वाचन प्रक्रिया महँगो र जटिल हुन सक्छ र राजनीतिक ध्रुवीकरण अझ बढ्न सक्छ।

अतः नेपालको दीर्घकालीन स्थिरता र विकासका लागि अबको मार्ग स्पष्ट हुन आवश्यक छ। यसका लागि



तीन प्रमुख रणनीतिक प्राथमिकता विशेष महत्त्वपूर्ण देखिन्छन्। पहिलो, संस्थागत क्षमता सुदृढीकरण। राज्यका संवैधानिक तथा प्रशासनिक संस्थालाई सक्षम, व्यावसायिक र उत्तरदायी बनाउनु आवश्यक छ। संस्थाको स्वायत्तता र दक्षता सुदृढ नभएसम्म नीति निर्माण र कार्यान्वयन प्रभावकारी हुन सक्दैन।

संस्थागत क्षमताको सुदृढीकरणसम्बन्धी बहस मूलतः दुई पक्षसँग जोडिएको छ- राजनीतिक प्रणाली र शासन सञ्चालनको ढाँचा। यस सन्दर्भमा संविधान, राष्ट्रिय कानुन, नियम तथा राज्यका प्रमुख संस्थाहरू- विधायिका, संसद् र न्यायपालिका अधिकार तथा जिम्मेवारीलाई आवश्यक संशोधनमार्फत स्पष्ट र प्रभावकारी बनाउने विषय महत्त्वपूर्ण हुन्छ। यसै क्रममा संसद्मा प्रतिनिधित्वको आकार पुनर्विचार गर्ने तथा प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वबिच सन्तुलन कायम गर्ने वैकल्पिक संरचनाको खोजी पनि गर्न सकिन्छ।

यसका अतिरिक्त, संसद्ले प्रत्यक्ष रूपमा निर्वाचित गर्ने सरकार प्रमुखको व्यवस्थाजस्ता विकल्प पनि छलफलको विषय बन्न सक्छ, जहाँ सरकार प्रमुखले मन्त्रिपरिषद् गठन गर्दा केही सदस्यलाई संसद्बाहिरबाट नियुक्त गर्न सक्ने व्यवस्था हुन सक्छ। यस्तो व्यवस्थामा संसद्ले आफ्ना विभिन्न समितिमार्फत प्रभावकारी निगरानी र सन्तुलन कायम राख्न सक्छ, जसले विधायिकालाई प्रभावकारी प्रतिपक्षीय भूमिकामा सक्षम बनाउँछ।

यस बहससँग नजिकबाट जोडिएको अर्को महत्त्वपूर्ण विषय निर्वाचन न्याय हो। जहाँसुकै बसे पनि नेपाली नागरिकता भएका सबै नेपालीलाई मतदान गर्ने र आफ्नो संवैधानिक अधिकार प्रयोग गर्ने अवसर सुनिश्चित गरिनुपर्छ। हालको निर्वाचन प्रणालीमा विदेशमा रहेका करिब ३० लाखभन्दा बढी नेपाली नागरिक मतदान प्रक्रियाबाट बाहिरै छन्। उनीहरूले देशबाहिर रहे पनि विप्रेषणमार्फत राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान, जिडिपीको २५ प्रतिशतसम्म पुर्‍याइरहेका छन्। त्यसैले, प्रविधि, कूटनीतिक संयन्त्र वा वैकल्पिक मतदान प्रणालीमार्फत उनीहरूको मताधिकार सुनिश्चित गर्नु लोकतान्त्रिक समावेशिताको महत्त्वपूर्ण पक्ष हो।

यसलाई समाधान गर्न राज्यका संस्थाको व्यापक डिजिटलीकरण महत्त्वपूर्ण उपाय हुन सक्छ। डिजिटल आधारमा नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता अभिलेख र निर्वाचन व्यवस्थापन प्रणालीलाई एकीकृत गर्न सकेमा नागरिकले जहाँ भए पनि आफ्नो अधिकार प्रयोग गर्न सक्ने वातावरण सिर्जना गर्न सकिन्छ। यस्तो प्रणालीले नागरिक र राज्यबिचको सम्बन्धलाई सहज बनाउनुका साथै पारदर्शिता, पहुँच र संस्थागत दक्षतालाई पनि सुदृढ बनाउन सक्छ।

> पछिल्लो निर्वाचनले स्थापित राजनीतिक दलहरू, उदाउँदै गरेका नयाँ शक्ति र पछिल्लो समय उदाएका राजनीतिक शक्तिको उपस्थितिलाई संस्थागत रूपमा परिभाषित गरेको छ

संस्थागत सुदृढीकरणको अर्को महत्त्वपूर्ण आयाम संवैधानिक निकायको नियुक्ति प्रणाली हो। अख्तियार, निर्वाचन आयोग, लोकसेवा आयोगजस्ता संवैधानिक निकायमा नियुक्ति गर्दा राजनीतिक निष्ठाभन्दा पनि पेसागत दक्षता, अनुभव र संस्थागत विश्वसनीयतालाई प्राथमिकता दिन आवश्यक हुन्छ। यदि यी संस्था दलीय प्रभावबाट मुक्त र पेसागत मापदण्डमा आधारित भएनन् भने लोकतान्त्रिक शासन प्रणालीको सन्तुलन र विश्वास दुवै कमजोर हुन सक्छ।

दोस्रो, महत्त्वपूर्ण पक्ष राष्ट्रिय रणनीतिक स्थिरता हो। दीर्घकालीन राजनीतिक स्थिरता सुनिश्चित गर्न राजनीतिक नेतृत्वबिच सहकार्य र सहमतिको संस्कृति विकास गर्नुपर्छ। राष्ट्रिय प्राथमिकतामा साझा दृष्टिकोण निर्माण नगरी स्थिर शासन सम्भव हुँदैन। राष्ट्रिय रणनीतिक स्थिरताको अर्थ केवल सरकार परिवर्तनको स्थिरतामा मात्र सीमित हुँदैन, बरु राजनीतिक दलहरूको आन्तरिक शासन प्रणाली सुधार, राज्यका संस्थालाई दलीयकरणबाट मुक्त बनाउने प्रयास र नागरिकलाई प्रभावकारी सार्वजनिक सेवा प्रदान गर्ने प्रणालीको विकाससँग पनि सम्बन्धित हुन्छ। यस प्रक्रियामा सार्वजनिक सेवाको डिजिटलीकरण विशेष रूपमा महत्त्वपूर्ण हुन्छ, जसले पारदर्शिता, दक्षता र पहुँचलाई सुदृढ बनाउँछ।

यसै सन्दर्भमा भ्रष्टाचार नियन्त्रण सबैभन्दा निर्णायक पक्ष हो। भ्रष्टाचारलाई प्रभावकारी रूपमा रोक्नका लागि निवारण र दण्ड दुवै पक्षलाई सुदृढ बनाउने संस्थागत तथा कानुनी संरचना आवश्यक हुन्छ। पारदर्शी प्रक्रिया, उत्तरदायित्वको स्पष्ट व्यवस्था र स्वतन्त्र निगरानी प्रणालीले मात्र भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउन सक्छ। तेस्रो, पक्ष अन्तर्राष्ट्रिय विश्वसनीयता हो। नेपालको परराष्ट्र नीति स्पष्ट, सन्तुलित र राष्ट्रिय हितमा आधारित हुनुपर्छ। यसले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा नेपालको विश्वास र प्रतिष्ठा बढाउन मद्दत पुर्‍याउँछ।

नेपालको परराष्ट्र नीति समानता, सन्तुलन र समदूरीमा आधारित रणनीतिक दृष्टिकोणबाट सञ्चालन हुनुपर्छ। यसका लागि नेपालले आफ्ना सम्बन्धलाई एकपक्षीय निर्भरताभन्दा पनि बहुपक्षीय र सन्तुलित कूटनीतिक संरचनामा विकास गर्न आवश्यक छ।

यस सन्दर्भमा सक्रिय असंलग्नतामा आधारित परराष्ट्र नीति पनि विचारणीय विकल्पका रूपमा देखा पर्न सक्छ। यस्तो नीति दृष्टिकोणले नेपाललाई बदलिँदो अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धाबिच आफ्नो रणनीतिक स्वायत्तता कायम राख्दै बहुआयामिक कूटनीतिक सम्बन्ध विस्तार गर्ने अवसर प्रदान गर्न सक्छ। नेपालले आफ्ना राष्ट्रिय प्राथमिकता पनि स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ- राजनीतिक स्थिरता, आर्थिक विकास, सामाजिक सद्भाव, अति राजनीतीकरणको नियन्त्रण, सन्तुलित परराष्ट्र नीति र कृषि क्षेत्रको रूपान्तरण। यी क्षेत्रमा दीर्घकालीन नीतिगत स्पष्टता र निरन्तरता कायम गर्न सकियो भने विकासको आधार बलियो बन्न सक्छ।

दुई ठुला अर्थतन्त्रबिच रहेको नेपालको भूराजनीतिक अवस्थिति देशका लागि चुनौती मात्र होइन, अवसर पनि हो। रणनीतिक रूपमा व्यवस्थापन गर्न सकियो भने नेपालले क्षेत्रीय सहकार्य, आर्थिक साझेदारी र कूटनीतिक सन्तुलनमार्फत महत्त्वपूर्ण लाभ उठाउन सक्छ।

नेपालको राजनीतिक भविष्य केवल संस्थागत संरचना परिवर्तनमा मात्र निर्भर छैन। त्योभन्दा महत्त्वपूर्ण कुरा राजनीतिक संस्कार, संस्थागत प्रतिबद्धता र जनविश्वासको पुनर्निर्माण हो। दीर्घकालीन राजनीतिक स्थिरता, प्रभावकारी कूटनीति र सन्तुलित रणनीतिक निर्णयमार्फत मात्रै नेपालले आफ्नो राष्ट्रिय क्षमता सुदृढ गर्न सक्छ।

जनता केन्द्रित वा सबैभन्दा महत्त्वपूर्ण सरोकारी पक्ष भनेकै जनताको आवश्यकता र राष्ट्रिय हित हो। राजनीतिक दल, नागरिक समाज, पेसेवरहरू, बौद्धिक व्यक्ति र राष्ट्रिय शक्तिका राष्ट्रिय साधन र उपकरण माध्यम मात्र हुन्। आजको आवश्यकता स्पष्ट छ, सबै सरोकारी पक्ष बसेर राजनीतिक, आर्थिक, कूटनीति र राष्ट्रिय सुरक्षाको लाई राष्ट्रिय सहमतिमा आधारित रणनीतिक सोच, सुदृढ संस्थागत क्षमता र अन्तर्राष्ट्रियस्तरमा विश्वसनीय राष्ट्रको हितमा सोचेर निर्णय गरेर परिवर्तन गर्नुपर्छ। यी आधारलाई मजबुत बनाउन सकियो भने नेपालले राजनीतिक संक्रमणलाई स्थिरता र समृद्धितर्फ रूपान्तरण गर्ने ऐतिहासिक अवसर प्राप्त गर्न सक्छ, जसले गर्दा देशको राष्ट्रिय सुरक्षा र रणनीतिक विकासका लागि प्रभावकारी रूपमा अगाडि बढ्न सकिन्छ।

(बस्न्यात नेपाली सेनाका अवकाशप्राप्त उपरथी तथा रणनीतिक मामिला विश्लेषक हुन्)

---

३ प्रश्न

अल्का अस्पतालका कन्सल्ट्यान्ट फिजिसियन **डा. निमेश पौडेल**लाई



अहिले काठमाडौँलगायत क्षेत्रमा देखिएको उच्च वायु प्रदूषणले के-कस्ता स्वास्थ्य समस्या निम्त्याउन सक्छ ?

अहिले सबैभन्दा बढी आँखाको समस्या देखिएको छ। आँखाको बाहिरी पत्र 'कन्जक्टिभा'मा धेरै संक्रमण देखिएको छ। धेरैमा आँखा सुख्खा हुने र आँसु बढी आउने समस्या पनि देखिएको छ। आँखाबाहेक छालामा पनि समस्या देखिएको छ। विशेषतः संवेदनशील छाला भएकालाई बढी चिलाउने, केही अवस्थामा रातो फोका आउने देखिएको छ। पहिलेदेखि छालामा समस्या भएका बिरामीले विशेष ध्यान दिनुपर्छ। त्यस्तै, शरीरले ताप नियमन गर्ने प्रणालीमा असर पर्न सक्ने भएकाले चिडचिड बढ्ने, एकाग्र कम हुने समस्या पनि देखिन्छ। त्यसबाहेक श्वासप्रश्वासमा पनि समस्या देखिएको छ। बाह्य रूपमा नाकको संक्रमण हुनेदेखि श्वासनलीको भित्री भागमा पनि असर गर्न सक्छ। यसले खोकी, पिनास, एलर्जीजस्ता समस्या देखिएका छन्। यसका कारण धेरैलाई अहिले ज्वरो देखिइरहेको छ। समस्या बढ्दै गए निमोनिया हुनेजस्ता समस्या आउन सक्छ।

कुन समूह बढी जोखिममा देखिन्छन् ?

विशेषतः ६ वर्षमुनिका बालबच्चा, कलेजो रोगी तथा मधुमेय नियन्त्रणमा नभएका बिरामी तथा दमरोगी जोखिममा छन्। त्यसबाहेक अन्य दीर्घरोगी र किमोथेरापी गराइरहेकाहरू पनि होसियार हुनुपर्छ।

तत्काल राहतका लागि के गर्दा ठिक हुन्छ ?

मुख्यतः प्रदूषण नघटेसम्म घरबाहिर कम निस्कने, निस्कनै परे मास्क र चस्मा लगाउने, पानी खाइरहने गर्नुपर्छ। यसले जोखिम आधा घटाउन सक्छ। यी सावधानीका बाबजुद ज्वरो आयो र त्यो बढ्दै गयो भने तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ।

प्रेरक प्रसंग

एउटै प्रवचनको फरक फरक अर्थ

एकपटक बुद्ध केही दिनका लागि एक स्थानमा बसेर प्रवचन दिइरहेका थिए। पहिलो दिनको प्रवचन समाप्त गर्दै उनले भने- सबै आ-आफ्नो स्थानबाट जाग, समय तिम्रो हातबाट फुत्कँदै छ। बुद्धको यस भनाइसँगै सभा विसर्जित भयो। बुद्धले आफ्ना प्रिय शिष्य आनन्दसित बाहिरतिर गएर घुमेर आउने प्रस्ताव गरे। आनन्द बुद्धको पछि लागे। उनीहरू दुवै विहारको मुख्य ढोकामा पुग्दा प्रवचन सुनेर निस्किरहेका भक्तजनको भिड भएकाले उनीहरू दुवै एकातिर उभिएर भक्तजनको भिड घट्ने प्रतीक्षामा बसे।

बुद्धलाई देखेर भिडबाट एक युवती नजिक आइन्। उनले भनिन्- हे तथागत, म एक नर्तकी हुँ। आज म नगरप्रमुखको घरमा नृत्यका लागि जानुपर्ने थियो। तर, मैले यसबारे भुलिसकेकी रहेछु। जब तपाईंले 'समय तिम्रो हातबाट फुत्कँदै छ' भन्नुभयो तब मैले यसबारे सम्झिएँ। त्यसैले, तपाईंलाई धन्यवाद छ। युवती त्यहाँबाट गएपछि अधबैँसे पुरुष बुद्धको नजिक आए। उनले भने- तथागत, म एउटा डाँकु हुँ। आज मैले एक स्थानमा डकैती गर्नु थियो। तर, प्रवचन सुन्दासुन्दै मैले त्यो सब भुलिसकेको रहेछु। तर, तपाईंको उपदेशको अन्तिम कथन सुनेपछि मैले सबै सम्झिएँ। तपाईंलाई धेरैधेरै धन्यवाद !

ती पुरुष त्यहाँबाट गएपछि एक वृद्ध बिस्तारै बुद्धको नजिक पुगे। उनले भने- हे तथागत, म जिन्दगीभर दुनियाँको माया, ममताका पछि दौडिरहेँ। अब मृत्यु नजिक आइरहेको छ। यतिखेर मलाई लाग्दै छ कि मेरो सम्पूर्ण जिन्दगी बेकार भयो। तपाईंको प्रवचनबाट आज मेरा आँखा खुले। अब सबै छाडेर निर्वाणको प्रयास गर्छु। जब सबै मानिस गइसके तब बुद्धले भने- देख्यौ त आनन्द, मैले प्रवचन त एउटै दिएको हुँ। तर, मानिसले आ-आफ्नो हिसाबले फरक-फरक अर्थ निकाले। जोसित जत्रो झोला हुन्छ, उसले त्यति नै दान थाप्न सक्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

खर्चको जाँच पनि गरौँ

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा चितवन क्षेत्र नम्बर २ बाट निर्वाचित उम्मेदवार रवि लामिछानेले आफ्नो निर्वाचन खर्च पेस गरेछन्। मंगलबार चितवन निर्वाचन आयोगको कार्यालयमा पेस गरेको उनको निर्वाचन खर्च जम्मा नौ लाखभन्दा केही बढी भनिएको छ। उनले शीर्षक छुट्याएर आफूले गरेका कुल खर्चको विवरण दिएका रहेछन्। यसअघि रास्वपाकै अर्का नेता बालेनले चुनाव खर्च भनेर १४ लाखभन्दा केही बढी खर्च देखाएका थिए। तर, यी दुई नेताले गरेको देशव्यापी भ्रमण तथा आमसभा हेर्दा यो खर्च अलि कम हो कि ? अब बिस्तारै अन्य दल र तिनका नेताको पनि खर्च आउन थाल्छ। सबैले मिलाएर आयोगले तोकेको सीमाभित्र नै खर्च भएको देखाउने होलान्। तर, अहिलेको व्यवस्था नेताहरूले आफ्नोतर्फबाट खर्च विवरण पेस गरे पुग्ने रहेछ। त्यसको सत्यतथ्य अनुसन्धानमा पनि जोड दिनुपर्ने हो। खासमा निर्वाचन आयोगले पेस भएको विवरणको सत्यतथ्य जाँच्ने व्यवस्था गरे भविष्यका निर्वाचन थप पारदर्शी हुने थिए कि ? यसले चुनाव मितव्ययी बनाई खर्च गर्ने क्षमता कम भएका उम्मेदवार पनि चुनावमा भाग लिने हिम्मत गर्न सक्छन्।

● **रमिता परियार**, सिमरा, बारा

मन बुझाउने बाटो

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले अहिले सम्पूर्ण देश नै घन्टीमय भएकाले कांग्रेसको अवस्था खस्किएको बताएछन्। सिटौलाले सबै पुराना दलको हैसियत उस्तै देखिएकाले कांग्रेस धेरै निरुत्साहित हुने कारण नभएको बताएछन्। अब यस्तै तर्क गरेर पुरानो नेताले मन बुझाउनुबाहेक अरू विकल्प नै कहाँ रह्यो र ! उसो त उनी गगन-विश्वप्रकाशले गरेको विशेष महाधिवेशनबाट खुसी थिएनन्। यस्तोमा उनले अहिलेको हार सोही महाधिवेशनबाट आएका नेतृत्वको कारण पनि भन्न सक्थे।

● **सुमित्रा धिमाल**, विराटनगर, मोरङ

अझै केन्द्रमुखी ?

यसपटकको संघीय संसद्का लागि भएको निर्वाचनमा स्थानीय तह र प्रदेशका थुप्रै प्रतिनिधिले आफ्नो पदबाट राजीनामा दिएर सहभागिता जनाएका थिए। तल्लो तहमा दुई वर्ष कार्यकाल बाँकी रहे पनि केन्द्र ताकेकामध्ये धेरै अहिले यता न उताका भएका छन्। चुनाव जितौँला भन्ने सोचमा चुनावमा होमिएका अधिकांशले पराजय व्यहोरेका छन्। पद छाडेर चुनाव हारेपछि मान र पद दुवै गुमेको छ। जस्तो- स्थानीय तहको पद छाडेर चुनावमा भाग लिएका १७ बहालवाला जनप्रतिनिधिमध्ये तीनजना मात्रै सफल भए।

● **मनोज पौडेल**, मन्थली, रामेछाप

अझै नसुध्रिने ?

निर्वाचनमा पार्टीले उठाएका उम्मेदवारलाई असहयोग गरेको आरोपमा कांग्रेसले विभिन्न ठाउँमा स्थानीय नेतालाई कारबाहीका लागि सिफारिस गरेछ। अन्य दलले पनि अब यही मार्ग अपनाउने होलान्। खासमा यसपटकको रास्वपाको पक्षमा आएको अभूतपूर्व लहर आमजनआक्रोशको अभिव्यक्ति भनेर पुराना दलले बुझ्नुपर्छ। तिनले मतदातामाझ आफू सुध्रिएको सन्देश नदिए फेरि पनि उस्तै अवस्था आउन सक्छ। यसरी कार्यकर्तालाई आतंकित बनाउने गरी कारबाहीको शृंखलाले केही हुनेवाला छैन। यति कुरा नबुझे अहिले रसातलमा पुगेको पुराना दल फेरि उठ्न धेरै समय लाग्छ।

● **विष्णु अर्याल**, पाल्पा, नेपाल

विकराल बन्दै मिर्गौला रोग

नेपालका धेरै युवा वैदेशिक रोजगारबाट फर्किँदा मिर्गौला रोगको अन्तिम चरणमा पुगिसकेका हुन्छन्



● डा. पुकारचन्द्र श्रेष्ठ

विश्व मिर्गौला दिवसको यस वर्ष (सन् २०२६)को नारा अत्यन्त सान्दर्भिक र महत्त्वपूर्ण रहेको छ, 'सबैका लागि मिर्गौला स्वास्थ्य : मानिसको हेरचाह, पृथ्वीको संरक्षण।' यसले हामीलाई मिर्गौलाको स्वास्थ्य केवल मधुमेह वा उच्च रक्तचापजस्ता रोगसँग मात्र सम्बन्धित नभएको सम्झना गराउन खोजेको छ। बरु, यो हाम्रो वातावरण, जलवायु परिवर्तन र काम गर्ने अवस्थासँग पनि सम्बन्धित रहेको यसले जोड दिएको छ।

■ मिर्गौला रोगको बढ्दो भार

नेपालमा दीर्घकालीन मिर्गौला रोगका बिरामी निरन्तर बढिरहेका छन्। मधुमेह र उच्च रक्तचाप यसको प्रमुख कारण हो। पछिल्लो समय वैदेशिक रोजगारीमा गएका कामदारमा मिर्गौलाको समस्या उच्च दरमा देखिन थालेको छ। 'सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (एसडिएनटिसी)'मा गरिएको एक अनुसन्धान अनुसार नेपालमा मिर्गौला फेल भएर उपचारमा आएका बिरामीमध्ये करिब एकतिहाइ बिरामी वैदेशिक रोजगारबाट फर्किएका कामदार छन्। यो अत्यन्त गम्भीर तथ्यांक हो।

मिर्गौला रोग मुख्यतः अत्यधिक गर्मी देशमा काम गर्ने वैदेशिक श्रमिकमा बढी देखिन्छ। प्रायः निम्न काममा संलग्न हुने ती मानिस सुरक्षा गार्ड, बाहिरी श्रमिक, बगैँचाका कामदार, समुद्री किनारको निगरानीजस्ता पेसामा संलग्न पाइएको छ। यी पेसामा लामो समयसम्म चर्को घाममा काम गर्नुपर्ने हुन्छ। पर्याप्त पानी पिउन नपाउनु, आरामको अभाव र स्वास्थ्य परीक्षणको कमीले मिर्गौलालाई हानि गर्छ। एसडिएनटिसीमा गरिएको अध्ययनअनुसार रोग देखिएका २१७ वैदेशिक श्रमिकमध्ये ५६.२ प्रतिशत खाडी देशबाट फर्किएका थिए। उक्त संख्याको दुईतिहाइले ४० डिग्री सेल्सियसभन्दा माथि तापक्रममा काम गरेको पाइएको छ। ७५ प्रतिशतभन्दा बढीले दैनिक १० घन्टाभन्दा बढी काम गर्ने गरेको तिनले बताए। र, अध्ययनमा सहभागीमध्ये ७८.१ प्रतिशतले दैनिक दुई लिटरभन्दा कम पानी पिएको पाइयो।

सर्वेक्षणमा सहभागीमध्ये २२.४ प्रतिशतले 'नन-स्टेरोइडल एन्टी-इन्फ्लेमेटरी ड्रग्स (एनएसएआइडिएस)'जस्ता दुखाइ निवारक औषधीको प्रयोग गर्ने गरेको इतिहास भेटियो। अझ त्यसमध्ये पनि २३.५ प्रतिशतले दिनमै तीनपटकसम्म दुखाइ निवारक औषधीको प्रयोग गरेको बताए। नन-स्टेरोइडल एन्टी-इन्फ्लेमेटरी ड्रग्सको लामो समय गरिने प्रयोगले उच्च रक्तचाप, मिर्गौला समस्या, पेटका समस्या र तरल पदार्थ भण्डारणसँग सम्बन्धित रोग निम्त्याउँछ।

लगभग एकतिहाइ (३९.५ प्रतिशत) उत्तरदाताले तिर्खा लागेको वेलासमेत कामको चापले पानी नपिएको पाइयो। अझ ४०.५ प्रतिशतले पिसाबले च्यापेको वेलासमेत कहिलेकाहीँ पिसाब गर्न छुटाउनुपर्ने अवस्थाबारे बताए। यस अध्ययनमा सहभागी लगभग सबै विदेशमा काम गरेर फर्किएका २०-४९ वर्ष उमेर समूहका आप्रवासी श्रमिक थिए। यसै पनि यो मानिसको जीवनको सबैभन्दा उत्पादनशील आयु समूह हो। त्यसभित्र पनि ४१.५ प्रतिशत ३०-३९ वर्षको र ९४.५ प्रतिशत पुरुष थिए। लगभग आधा (४९.३ प्रतिशत)लाई अन्तिम चरणको मिर्गौला रोग (इएसकेडी) पहिचान भएर देश फर्काइएको पाइयो। सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र (एसडिएनटिसी)'मा मिर्गौला प्रत्यारोपण गरेका लगभग एकतिहाइ (२८.९ प्रतिशत) व्यक्ति वैदेशिक रोजगारीबाट फर्किएको पाइएको छ।

■ गर्मीको प्रभाव र मिर्गौला क्षति

लामो समयसम्म उच्च तापक्रममा काम गर्दा धेरै पसिना निस्किने भएकाले शरीरमा बारम्बार 'पानीको कमी (डिहाइड्रेसन)' हुन्छ। शरीरमा पानीको कमी हुँदा मिर्गौलामा जाने रक्तप्रवाह घट्छ र मिर्गौलामा अत्यधिक दबाब पर्छ। यस्तो अवस्था पटक-पटक दोहोरिँदा तीव्र मिर्गौला चोट (एक्युट किड्नी इन्जुरी) हुन सक्छ, जुन मिर्गौलाको दीर्घ रोगमा परिणत हुन सक्छ।

विश्वव्यापी रूपमा पनि गर्मीजन्य मिर्गौला रोग (हिट-स्ट्रेस नेफ्रोप्याथी) बढ्दो समस्या बनिरहेको छ। जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि हुँदै जाँदा जोखिम अझ बढिरहेको छ। नेपालका धेरै युवा वैदेशिक रोजगारबाट फर्किँदा मिर्गौला रोगको अन्तिम चरणमा पुगिसकेका हुन्छन्। यसले उनीहरू मात्र होइन, उनीहरूको परिवार र देशको अर्थतन्त्रमा पनि गम्भीर असर पार्छ। गर्मी मात्र होइन, प्रदूषणले पनि शरीरमा दीर्घकालीन सुजन र रक्तचाप बढाएर मिर्गौलामा क्षति पुर्‍याउन सक्छ।

मिर्गौला रोगको उपचार पनि स्रोत-साधनको दृष्टिले गम्भीर विषय हो। डायलाइसिस जीवनरक्षक उपचार हो। मिर्गौला प्रत्यारोपण अन्तिम चरणको मिर्गौला रोगको सबैभन्दा प्रभावकारी उपचार हो। सफल प्रत्यारोपणपछि बिरामी सामान्य जीवनयापन गर्न र पुनः सक्रिय जीवन बिताउन सक्छ। नेपालले अंग प्रत्यारोपण क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। तर, रोकथाम नै सबैभन्दा प्रभावकारी उपाय हो।

विशेषगरी, वैदेशिक रोजगारमा जाने कामदारको नियमित स्वास्थ्य परीक्षण अनिवार्य हुनुपर्छ। यसअन्तर्गत विदेश जानेलाई पर्याप्त पानी पिउने कुराको महत्त्व बुझाउनुपर्छ। काम गर्ने स्थानमा आराम र छायाको व्यवस्थाबारे जानकारी लिन प्रोत्साहित गर्नुपर्छ। त्यस्तै, शरीरको तौलको नियन्त्रण गर्ने, धूम्रपान र मदिराको सेवन घटाउने वा त्याग्ने कुराले पनि शरीर र मिर्गौला स्वास्थ्य राख्न भूमिका खेल्छ।

त्यसबाहेक सरकारले आवश्यक परे विदेशमा धेरै नेपाली काम गर्ने क्षेत्रमा श्रमिक सुरक्षासम्बन्धी नीतिगत सुधार गर्न पहल गर्न सक्छ। जोखिम समूहमा नियमित मिर्गौला परीक्षण गर्न आह्वान गर्नेदेखि विश्वव्यापी पर्यावरण संरक्षणमा सहभागी भएर बृहत्तर रूपमा मिर्गौलाको समस्या कम गर्न भूमिका खेल्न सक्छ।

वरिष्ठ मिर्गौला प्रत्यारोपण विज्ञ डा. श्रेष्ठ 'धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र'का पूर्वनिर्देशक हुन्।

इरानयुद्ध प्रभाव

तेल संकटका कारण पाकिस्तानमा विद्यालय बन्द, अधिकांश काम अनलाइनबाट



तेहरान/ इरानमाथि संयुक्त राज्य अमेरिका-इजरायलले आक्रमण गरेपछि सुरु भएको द्वन्द्वबाट सम्पूर्ण मध्यपूर्व प्रभावित हुँदा तेल र ग्यास आपूर्तिमा अवरोध आएपछि पाकिस्तान पनि प्रभावित बनेको छ। यसको असर कम गर्न सरकारले सोमबारदेखि आपत्कालीन खर्च कटौती तथा इन्धन बचाउने कदम अपनाएको छ।

पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले सोमबार राति राष्ट्रको नाममा गरेको टेलिभिजन सम्बोधनमा उक्त कदमको घोषणा गरिएको थियो। खाडी देशले उत्पादन भएर बाहिरिने साँघुरो जलमार्ग 'स्ट्रेट अफ होर्मुज'मा अवरोध आउँदा पाकिस्तानको अर्थतन्त्रलाई प्रत्यक्ष असर गरेको सरिफले बताए। 'सम्पूर्ण क्षेत्र हाल युद्धको अवस्थामा छ, हामी अछुतो रहन सक्दैनौं,' सरिफले सम्बोधनमा भने। पाकिस्तान सरकारले इन्धन बचाउन सरकारी कर्मचारीको काम गर्ने अवधि हप्तामा चार दिनमा झारेको छ। त्यस्तै मार्च १६ देखि महिनाको अन्त्यसम्म सम्पूर्ण विद्यालय बन्द गरिएको छ। तथापि, यस अवधिका लागि पूर्वनिर्धारित परीक्षा भने सञ्चालन गर्न प्रधानमन्त्रीले आग्रह गरेका छन्। त्यस्तै, विश्वविद्यालयलाई अनलाइन कक्षा सञ्चालन गर्न निर्देशन दिइएको छ। हप्ताको चार दिन पनि ५० प्रतिशत सरकारी कर्मचारीले घरबाटै काम गर्ने साथै बैंकिङ क्षेत्रमा पनि यही व्यवस्था सिफारिस गरेको सरिफले बताए।

खर्च कटौतीका उपायअन्तर्गत संघीय र प्रान्तीय मन्त्रिपरिषद्का सदस्यले आगामी दुई महिनाको तलब र भत्ता त्याग्ने विषय पनि समावेश छ। संघीय र प्रान्तीय व्यवस्थापिकाका सदस्यको तलबमा पनि यस अवधिमा २५ प्रतिशत कटौती गरिने बताइएको छ। उच्चपदस्थ सरकारी पदाधिकारीका अत्यावश्यकबाहेकको विदेश भ्रमण रद्द गरिएको छ भने भ्रमण पनि सस्तो 'इकोनोमी क्लास'मा मात्र विदेश भ्रमण गर्न पाइनेछ। त्यस्तै, संघीय र प्रान्तीय सरकारका सबै बैठक अब अनलाइन सञ्चालन गर्नुपर्नेछ भने सरकारी कार्यालयको इन्धन भत्ता पनि घटाइएको छ। त्यस्तै, सरकारले मानिसलाई सामाजिक जमघट सकेसम्म रोक्न आह्वान गर्दै सरकारले विवाह र पार्टीमा २०० भन्दा बढी पाहुना नथप्न भनिएको छ।

मंगलबार पेट्रोलको मूल्य एकैपटक ५५ पाकिस्तानी रुपैयाँले बढ्यो

पाकिस्तानले आफ्नो तेल आवश्यकताको ८० प्रतिशतभन्दा बढीको आयात गर्छ। जुलाई २०२५ र फेब्रुअरी २०२६ को बिचको अवधिमा यसको तेल आयात कुल १०.७१ अर्ब डलर थियो। मध्यपूर्वको संकटपछि उत्पन्न ऊर्जा संकटपछि पाकिस्तानमा इतिहासकै सबैभन्दा ठुलो इन्धन मूल्यवृद्धि भएको छ। मंगलबार पेट्रोलको मूल्य एकैपटक ५५ पाकिस्तानी रुपैयाँले बढ्यो। तलब कटौतीजस्ता उपायले मुख्यतया सार्वजनिक वित्तलाई असर गर्ने र राष्ट्रिय इन्धन प्रयोग घटाउने प्रधनमन्त्री सरिफले बताए।

इतिहासमा आज



सन् १९३० : महात्मा गान्धीले ब्रिटिसले नुनमा कर लगाएको विरोधमा चर्चित 'दान्डी मार्च' सुरु गरे। २४ दिनमा गान्धीले उनको आश्रमबाट ३०० किमि दूरी पार गरेर दान्डी क्षेत्रको समुद्र तटमा आफैँले नुन बनाएर नुनमाथिको करको विरोध जनाएका थिए।

सन् १७९० : फ्रान्सेली क्रान्तिका क्रममा 'नेसनल एसेम्बली'ले चर्चको जमिनलाई राष्ट्रिय सम्पत्ति घोषणा गर्दै नगरपालिकाले तिनलाई बेच्न पाउने अधिकार दियो।

सन् १९१८ : बाह्य हस्तक्षेपको चिन्ताले रुसको राजधानी सेन्ट पिटर्सबर्गबाट मस्को सारियो।

सन् १९४७ : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले कम्युनिस्टहरूको विस्तार रोक्नेसम्बन्धी 'ट्रुम्यान डक्ट्रिन'को भाषण गरे।

सन् १९७१ : जनमत संग्रहमार्फत हाफिज अल-असदले सिरियाको शासनमा पकड बढाए।

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/२८

यस सा व उ स वाट संकलित खयर काठ ४९२.४० क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

वनसखण्डी सा. वन उपभोक्ता समूह, म्याग्दे ५, तनहूँ।

नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिती २०८२/१०/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८२/११/०८ गतेको निर्णय अनुसार बतास एडब्राइट प्राईभेट लिमिटेडको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी **बि. एडब्राइट प्राइभेट लिमिटेड** (B. Adbrite Private Limited) कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

बि. एडब्राइट प्राइभेट लिमिटेड (B. Adbrite Private Limited)
काठमाण्डौं म.न.पा. वडा नम्बर ५ काठमाण्डौं
बागमती प्रदेश

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २००२/१/७



देहावसानः २०८२/११/१६

स्व. हिरा उदास

यस संघको धरान शाखाका पूर्व सभापति तथा वर्तमान केन्द्रीय कार्यसमितिका उपाध्यक्ष **हिरा उदास**ज्यूको ८१ वर्षको उमेरमा स्वर्गारोहण भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुखद् घडीमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

नेपाल कुष्ठरोग निवारण संघ परिवार
महाराजगञ्ज, काठमाडौं

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/११/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतिस**) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तुर रकमसमेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/अ.प्रा.व्यक्ति/जमानतकर्ताको विवरण

१) ऋणीः दर्शन मोबि केयर प्रा. लि.
दर्ता नं. : ७३७५४/६६/०६७
दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ
दर्ता मिति : २०६७/०३/०७
पान नं. ३०४३१५८५७
ठेगाना : किर्तिपुर-०३, काठमाण्डौं

अ.प्रा. व्यक्ति/शेयरधनी/जमानतकर्ताको नाम : सुवर्ण महर्जन
बाबुको नाम : मचाराजा महर्जन
बाजेको नाम : नाती महर्जन
ठेगाना : काठमाण्डौ-१८, काठमाण्डौ
हाल : काठमाण्डौ-१७, काठमाण्डौ
ना.प्र.नं. : ३८८५३, जारी मिति : २०६३/०५/१६
जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौं
कर्जा लिएको शाखा : बालुवाटार, काठमाडौं

जमानतकर्ताको विवरण
क) नाम : दिनेश दर्शनधारी (अध्यक्ष/शेयरधनी)
बाबुको नाम : गणेश दर्शनधारी
बाजेको नाम : कृष्ण बहादुर दर्शनधारी
ठेगाना : पालीफल-०१, काठमाण्डौं
हाल : किर्तिपुर-०५, काठमाण्डौं
ना.प्र.नं. : १०६६२।५०४६
जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौं
जारी मिति : २०५०/०४/१०

जमानतकर्ताको विवरण

ख) नामः देलविस दर्शनधारी (शेयरधनी)
बाबुको नाम : दिनेश दर्शनधारी
बाजेको नाम : गणेश दर्शनधारी
ठेगाना : किर्तिपुर-०५, काठमाण्डौं
ना.प्र.नं.: २७-०१-७२-०८६३५
जारी मितिः २०७२/०७/१६
जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौं

ग) नामः मचाराजा महर्जन
बाबुको नाम : नाती महर्जन
बाजेको नाम : महन्त महर्जन
ठेगाना : नेटपाचो-१८, काठमाडौं
हाल : काठमाण्डौं-१७, काठमाण्डौं
ना.प्र.नं. : ४२१८, जारी मिति : २०४२/०५/१३
जारी गर्ने कार्यालय : जि.का., काठमाण्डौं

घ) नामः श्रीमती तुल्सी माया महर्जन
बाबुको नाम : हर्ष नारायण महर्जन
पतिको नामः मचाराजा महर्जन
ससुराको नाम : नाती महर्जन
ठेगाना : नेटपाचो-१८, काठमाडौं
हाल : काठमाण्डौं-१७, काठमाण्डौं
ना.प्र.नं.: ४२१९, जारी मितिः २०४२/०५/१६
जारी गर्ने कार्यालय : जि.का., काठमाण्डौं

ङ) नाम : वावु राजा मर्हजन
बाबुको नाम : मचा राजा महर्जन
बाजेको नाम : नाती महर्जन
ठेगाना : काठमाडौ-१७, काठमाण्डौं
ना.प्र.नं. : ५३५६, जारी मिति : २०५१/०९/२६
जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौं

